सि.जि.प्र.द.न. १७ जि.हु.द.न. २८

सन्देश
# जनप्रिय
Sandesh Janapriya Weekly साप्ताहिक

❖ वर्षः- २१ ❖ अङ्कः- २१ ❖ २०८० पौष १८ गते बुधबार(3 Jan. 2023 Wednesday) ❖ पृष्ठः- ८ ❖ मूल्यः- १०/-




## भ्यू टावरमा लागुऔषध !



**सिन्धुली**/ प्रसिद्ध धार्मिक स्थल सिद्धबाबा मन्दिर परिसरमा निर्माण सम्पन्न भएको भनिएको करोडौंको भ्यू टावर अहिले लागु औषध र अबैध धन्दा गर्नेहरुको अखडा बन्न थालेको स्थानीयले बताउन थालेका छन्। स्थानीय वासिन्दाका अनुसार भ्यू टावरको फुटेको झ्याल बाट भित्र ● बाँकी २ पेजमा

# एमाले र माओवादी केन्द्रमा किन किचलो

**सिन्धुली**/ नेकपा एमाले सिन्धुलीका नेताहरुलाई आफ्नो कमी कमजोरी स्वीकार्दै पार्टी र संगठनलाई बलियो बनाएर लैजान नेताहरुले सुझाव दिएका छन् । नेकपा एमालेले पार्टी भित्र देखिएका समस्याहरुलाई समाधान गर्न भन्दै मिसन ग्रासरुट अभियान सञ्चालन गरेपनि सिन्धुली एमालेमा आन्तरिक समस्या जस्ताको तस्तै देखिएपछि केही दिन अगाडि सिन्धुलीका जनसंगठनहरुको संयुक्त बैठकमा आएका स्थायी कमिटी सदस्य एवम् जनसंगठन समन्वय इन्चार्ज भानुभक्त ढकालले पार्टी नेतृत्वका कमीकमजोरीलाई खुलस्त राखेका थिए ।





पार्टी र जनसंगठनहरुका बीचमा तालमेल नमिलेको र आपसी स्वार्थले जनसंगठनहरुको कमिटी फर्मेशनमा समस्या निम्त्याएको बताएका थिए । जनसंगठनका प्रमुखहरुले पार्टीले कहिल्यै पनि आफुहरुलाई नखोजेको गुनासो गरेका थिए ।

जिल्ला इन्चार्ज खेम लोहनीले पार्टीले बनाएको वार्षिक कार्ययोजनाहरुलाई जन संगठनहरुले कार्यान्वयन नगरेको र कामै नगरेको कुरा बताएपछि कार्यक्रममा सहभागि भएका जनसंगठनका नेताहरुले आफुहरुले जिल्ला इन्चार्जलाई आजमात्रै पहिलो पटक देखेको बताएका थिए। हामीले पहिलो पटक जिल्ला इन्चार्जलाई नजिकबाट देख्ने अबसर पाएका छौं, जिल्ला पार्टीको वार्षिक कार्ययोजना पनि भर्खरै बनेको थाहा पायौं, बैठकमा सहभागी एक नेताले यसरी टिप्पणी गरेका थिए ।

सिन्धुली जिल्लामा १९ वटा जनसंगठनहरु रहेकोमा इन्चार्ज लोहनीले पटक पटक २३ वटा जनसंगठन भन्दै मन्तव्य दिइरहेका थिए। सिन्धुली एमालेमा रहेको अन्तर विरोधलाई हल गर्छु भनेर आएका लोहनी पछिल्लो समय सिन्धुली जिल्लामै बसेका छैनन् । मिसन ग्रासरुट अभियान र मध्यपहाडी संकल्प यात्राको अभियान चलाएको एमाले केही समयपछि पार्टी भित्र देखापरेको समस्या हल गर्नका लागि अभियान थाल्ने एक नेताले जानकारी दिए । अघिल्लो जिल्ला अधिवेशनबाट दुई धारमा देखिएको एमाले कार्यकर्ता पक्तिमा जाँदा एकै देखिएपनि जिल्ला नेतृत्व तहमा भने दुई धारमा बिभाजित छ ।

केही दिन अगाडि भएको जनसंगठनको बैठकमा पार्टी नेतृत्व र संगठनका वारे तथ्य कुरा राख्न भनिएपनि केही ● बाँकी २ पेजमा

## सिन्धुलीमा २७ गतेबाट महोत्सव हुने

**सिन्धुली**/ सिन्धुलीको सदरमुकाम सिन्धुलीमाढीमा आगामी पुष २७ गतेदेखि महोत्सवको झल्को दिने गरि 'साँस्कृतिक तथा फुड फेस्टिभल २०८०' आयोजना हुने भएको छ। स्थानिय इभेन्ट संचालक ब्रदरहुड इन्टरटेमेन्ट एण्ड म्यानेजमेन्टले आगामी पुष २७ गदेखि माघ ७ गतेसम्म फेस्टिबल आयोजना गर्न लागेको हो ।

मंगलबार पत्रकार सम्मेलन गर्दै ब्रदरहुड इन्टरटेमेन्ट एण्ड म्यानेजमेन्टका प्रबन्धक अश्विन थापा मगरले कमलामाई नगर पालिका ६ स्थित खम्बेचौरमा १० दिने फुड फेस्टिबल संचालन हुने जानकारी दिनुभयो । कला, संस्कृतिको जगेर्ना, कृषि प्रबर्द्धन, स्थानिय उत्पादनलाई बजारिकरण र उद्यमीलाई प्रोत्साहन गर्न 'कृषि, व्यापार, उद्योग र पर्यटनको कसी; साँस्कृतिक तथा फुड फेस्टिभल २०८०' भन्ने मूल नारासहित फुड फेस्टिबल संचालन गर्न लागेको मगरले जानकारी दिनुभयो। फेस्टिबलमा जिल्लामा बसोबास गर्ने विभिन्न समुदायको विशेष परिकारहरुको स्टल राखिने थपाले बताउनुभयो । १० दिने 'मिनि महोत्सव' ले लघु, घरेलु, साना तथा मझौला उद्यम एवं पर्यटन उद्योगको मनोबल उच्च राख्नमा सकारात्मक भूमिका खेल्ने ● बाँकी २ पेजमा

## गैर कानूनी काम रोक्छु: प्रजिअ खनाल
# राजनैतिक संरक्षणमा अबैद्य उत्खनन् !

**सिन्धुली**/ बिगत लामो समय देखी सिन्धुलीको सुनकोशी मरिण र दुधौली नगरपालिकाका स्थानीयबासीहरु ऐन नियम र कानुनको उल्लघन गर्दै बेपरवाह रुपमा सञ्चालनमा रहेका अबैद्य क्रशर उद्योग र नदिको अवैद्य उत्खनन्को डरलाग्दो दृश्यलाई टुलुटुलु हेरिरहेका छन् ।



बर्षेनी हिउदो याममा हुने सुनकोशी, कमलामा र मरिण नदीको उत्खनन् र राजनैतिक दलका नेताको आडमा सञ्चालन भएका अवैद्य क्रशर उद्योगका कारण स्थानीय वासिन्दा यो अबस्थामा पुगेकन हुन्। उनीहरुले त्यसको रोकथाम र नियन्त्रणका लागि गरेको आग्रहलाई स्थानीय सरकारले त सुन्दै सुन्दैन नत त्यसको अनुगमनको जिम्मा पाएको जिल्ला समन्वय समितिले हेरिरहेको छ ।

सिन्धुलीमा सरुवा भएका आएका प्रमुख जिल्ला अधिकारी भरत खनालले कानूनलाई हातमा लिएर गरिने सबैखाले गैरकानूनी कामलाई निस्तेज पारिने बताएका थिए । पत्रकारहरुसँगको कुराकानीमा उनले बालुवा प्रशनेधनका नाममा खुलेका अबैध क्रसर र नदी उत्खनन्का विषयमा आफुले जानकारी पाइसकेको बताउँदै त्यसलाई रोक्न आफ्नो तर्फबाट कदम चाल्ने उल्लेख गरे ।

अनुगमनको जिम्मेवारी पाएको जिल्ला समन्यव समिति पनि अबैद्य उत्खनन् रोक्ने सन्दर्भमा दर्बिलो कदम चाल्ने सामार्थ्य राखेको देखिँदैन किनकी उनीहरुमाथि पनि पटक पटक राजनैतिक दबाब पर्दै आएको छ । त्यसको रोकथाम र नियन्त्रणका लागि ● बाँकी २ पेजमा

## झटारो — राजेश मानन्धर




## आफ्नैलाई धराप थाप्दै सरकार

### गुलेली
□ प्रेम दाहाल



सत्ता साझेदार दल जनमत पार्टीका अध्यक्ष सिके राउतसहित संघीय सरकारकै मन्त्री अनिता देवी केही दिन अगाडि सत्तारुढ दलले थापेको धरापमा परे । धोती दिवसको ब्यानरसहित पुगेकाहरुलाई पक्राउ गर्ने क्रममा सत्ता साझेदार दलकै अध्यक्ष राउत, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री देवीसहित जनमत पार्टीका कार्यकर्ता सरकारी धरापमा परेका हुन् । सत्तारुढ दलकै प्रमुख र संघीय मन्त्रीलाई नै पक्राउ गरिनुको कारण धोती दिवस मनाउनु थिएन। बरु गत ५ पुसमा मात्रै दुई महिनाका लागि थप गरिएको निषेधित क्षेत्र उल्लंघन मुख्य कारण रहेको अधिकारीहरुको भनाई छ।

निषेधित क्षेत्रमा प्रदर्शन हुन थाले पछि पक्राउ परेकाहरुलाई उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ आफै पुलिस क्लब पुगेर बाहिर ल्याएको हाँस्यास्पद दृश्यले सबैलाई चकित बनाएको छ । रिहा भएलगत्तै अध्यक्ष राउतले देशमा अझै रंगभेद रहेको प्रतिक्रिया दिए। मधेश केन्द्रित एजेण्डा लिएर राष्ट्रिय राजनीतिमा उदाएका राउतले त्यस्तो प्रतिक्रिया जनाउनु अस्वाभाविक थिएन ।

तर स्थानीय प्रशासनले मन्त्री समेत सत्तारुढकै नेतृत्वलाई पक्राउ हुने परिस्थितिको सिर्जना हुनु हाँस्यास्पद हो। यस अगाडि पनि बालकुमारीमा मारिएका दुई युवाको विषयलाई लिएर वालकुमारीमा प्रदर्शन गर्दा पक्राउ परेका थिए ।● बाँकी २ पेजमा



**राजनैतिक ........**

पनि स्थानीयले आन्दोलन गरेकै थिए तर अबैद्य उत्खननमा संलग्न केही माओवादी केन्द्र, एमाले र नेपाली कांग्रेसका नेताहरुको बलमिच्याईले आम नागरिकहरुमा आक्रोस चुलिंदै गएको छ। राजनैतिक संरक्षणमा हुने खोला नदिको दोहन तथा आफ्ना नेता कार्यकर्ताहरुले सञ्चालन गरेको अवैद्य क्रशर बन्द गर्न सक्ने तागत न प्रशासनसँग छ नत स्थानीय सरकारसँग नै छ । नियमन गर्नुको साटो उल्टै कमिशनको आडमा त्यस्ता उद्योगहरु निरन्तर सञ्चालन मा आइरहेका छन् ।

यसैक्रममा सुनकोशीबासी नागरिकहरुको प्रतिनिधीत्व गर्दै सुनकोशी गाउँपालिका-१ का युवा कृष्ण मोक्तानले उच्च अदालत पाटनमा मुद्धा दर्ता गराएका छन् । मोक्तानले सुनकोशी गाउँपालिका तथा क्रशर उद्योगहरुलाई विपक्षी बनाई दर्ता गराएको मुद्धामा अधिबक्ता लिलानाथ घिमिरे र दुर्गाकुमार कोईरालाले निःशुल्क बहस गरेपछि अब स्थानीयहरु न्यायका लागि अदालतको ढोका ढकढक्याउने अबस्थामा पुगेकाछन् ।

उच्च अदालत पाटनका न्यायधीश जनक पाण्डेको एकल इजलासले दुबै तर्फको प्रतिनधीत्वमा छलफल गराई अन्तरिम आदेश प्रदान गर्न पौष २० गतेका लागी पेशी तोकेको छ ।

मोक्तानले मंगलवार साँझ सन्देश जनप्रियसँग कुरागर्दै आफुले समग्र सुनकोशीबासीको पिडालाई मध्यनजर गरी कानुनी हिसाबले न्यायको लडाई सुरु गरेको र यो कानुनी लडाईमा साथ दिन सुनकोशीबासीलाई आग्रहसमेत गरेका छन् । एमाले निटक मानिएका मोक्तानको कानूनी लडाईले केही थान एमाले नेताकोसमेत टाउको दुख्न थालेको छ ।

सुनकोशीमा बालुवा प्रशोधन उद्योगको अनुमति लिएर क्रशर नैं सञ्चालनमा आएका एक दर्जन बढी उद्योगहरु सञ्चालनमा रहेको स्थानीय वासिन्दा बद्री दाहालले बताए । पालिकाको संरक्षणमा सञ्चालित ति उद्योगहरु सबै अवैद्य रहेको घरेलु तथा साना उद्योग कार्यालय सिन्धुलीले जनाएको छ ।

**आफ्नैलाई......**

नागरिक समाजका अभियान्ताहरु त्यही क्षेत्रबाट बारम्बार पक्राउ परिरहेका छन् । संविधानत उत्कृष्ठा लोकतान्त्रिक अभ्यास गर्ने सरकारले भने गत ५ मंसिरदेखि सुरु गरेको निषेधित क्षेत्र घोषणाको क्षेत्र थप बिस्तार गरिरहेको छ ।

पहिले माइतीघरदेखि नयाँ बानेश्वर सम्म, राष्ट्रपति र प्रधानमन्त्रीको सरकारी निवास क्षेत्रमा निषेधित क्षेत्र घोषणा गरिएको थियो । त्यसलाई बिस्तार गरेर सिंहदरबार परिसर र उपराष्ट्रपतिको कार्यालय परिसरलाई पनि दुई महिनाका लागि निषेधित क्षेत्र घोषणा गरिएको छ ।

उक्त निर्णयप्रति जनमत पार्टीले कुनै प्रतिक्रिया जनाएको थिएन । जबकी लोकतन्त्रमा नागरिकलाई सरकारविरुद्ध शान्तिपूर्ण प्रदर्शनको अधिकार संविधानमैं सुनिश्चित हुन्छ । सत्ताले सुन्ने ठाउँमै उभिएर शान्तिपूर्ण प्रदर्शन गरेर आफ्नो कुरा राख्न पाउनु लोकतन्त्रको शुन्दर पक्ष मानिन्छ तर सरकार त्यो सुन्दर पक्षलाई बल पूर्वक निस्तेज गरिरहेको छ ।

सामाजिक सञ्जालमा कडाइ हुँदै नागरिकमाथि प्रहरी हस्तक्षेप हुँदा समेत नबोली बसेका राजनैतिक दलहरुले गृहमन्त्री नाराष्णकाजी श्रेष्ठको राजिनामा मागिरहेका छन् । सरकारको पछिल्लो काम कारबाहीले परिस्थिति बिग्रँदै जाँदासत्तारुढ दल पनि लोकतन्त्रविरुद्धको यो धरापमा पर्न सक्छन् । त्यसैले लोकतन्त्रको संरक्षणमा लगातार आन्दोलित नागरिक अगुवाको कुरा सत्ता र सत्तारुढले तत्काल सुन्न आवश्यक छ । नागरिकको आवाज दबाउने कानूनले अरुलाई पनि छोड्ने छैन भन्ने हेक्का राख्न जरुरी छ ।

**एमाले ........**

जनसंगठनका अध्यक्षले बाहेक धेरै व्यक्तिले नेतृत्वको कमी कमजोरी वारे मौन बसे अर्थात केही पनि बोलेनन् । एमाले जिल्ला कमिटीको बैठक निरन्तर यस्तै मौनताका बीच सम्पन्न हुने गरेका छन् ।

**माओवादीको किचलो तलसम्मै !**

सत्तारुढ दल माओवादी केन्द्र सिन्धुली भित्रको आन्तरिक किचलो कार्यकर्ता तहसम्म पुगेको छ । जुन आन्तरिक बिवाद एमालेको भन्दा गहिरिंदो अबस्थामा छ । केही दिन अगाडि २ दिनसम्म चलेको जिल्ला समितिको बैठकमा पार्टी नेतृत्व माथि जिल्ला नेताहरुले प्रश्नै प्रश्न उठाए । यस अगाडि हुने गरेका माओवादी बैठकमा नेतृवप्रति यधि धेरै प्रश्न कहिल्यै उठेका थिएनन् । पार्टीलाई एकल ढंगले सञ्चालन गरिएको, आर्थिक अपारदर्शिता बढेको, अभियानलाई असहयोग गरेको, केन्द्रीय नेतृत्वलाई अस्वीकार गरेको जस्ता प्रश्नै प्रश्न उठेपनि त्यसको जवाफ कतैबाट पनि आएन । एक जना जिल्ला नेताले भने अभियानका क्रममा जिल्लामा गुटगत गतिविधी गरेको भन्दै नामै उल्लेख गरेर बैठकमा कुरा उठाएपनि केही समय त बैठक प्रश्नोत्तर शैलीमा अगाडि बढेको थियो ।

बैठकमा सहभागी केन्द्रीय सदस्य गंगा लामाले आफ्नै नेतृत्वको निर्देशनमा नियन्त्रणमा लिएर हत्या गरिएका यानप्रसाद गौतम आलोक प्रवृत्तिको प्रसंग उल्लेखगर्दै काभ्रे र रामेछाप जिल्ला कमिटीबाट सिन्धुलीले पाठ सिक्न सुझाब दिए । सिन्धुलीमा पार्टी र संगठन विधि र पद्धतिबाट चलेको भए बैठकमा यस्ता विषयले प्राथमिता नपाउने बताएका लामाले बैठकमा उठेका प्रश्नहरुको समाधान खोज्न पनि सुझाएका थिए ।

बैठकमा सहभागी एक जिल्ला नेताका अनुसार माओवादी केन्द्रमा नेतृत्वको कमी कमजोरी औंल्याउँदै बैठक भएको यो पहिलो पटक हो । यस अगाडिका बैठकमा पार्टी र संगठन बनाउने सन्दर्भमा यस्ता विषयले कहिल्यै प्रवेश पाएका थिएनन् तर यस पटकबाट भने पार्टी बैठकले नयाँ अभ्यास गरेको जस्तो अनूभूति भयो । उनी अगाडि भन्छन्: कम्युनिष्ट पार्टीमा आलोचना र आत्मालोचना भन्ने विषय हराइसकेको थियो, अलिअलि जिवितै रहेछ भन्ने संकेत दिएको छ, उनले सन्देश जनप्रियसँग भने ।

**समाजवादीमा छैन सकस**

एमालेबाट बिभाजन भएको भनिएको नेकपा समाजवादी सिन्धुलीमा भने नेतृत्वमा जाने सन्दर्भमा कुनै पनि समस्या देखिएको छैन । चुस्त संगठन भएको र नेता कार्यकर्ताको सानो समूह भएकाले पनि त्यस्तो समस्या नभएको देखिएको हो ।

के हो एमाले-माओवादीको समस्या एमाले र माओवादीको मुख्य समस्या एउटै जस्तो देखिएपनि सारमा भने बेग्ला बेग्लै छ । एमालेमा विधि र पद्धति र सांगठानिक पद्धतिलाई अंगिकार गर्ने सन्दर्भमा कुनै समस्या छैन र ती विषय पनि उठेका छैनन् । मात्रै आउँदै गरेको जिल्ला अधिवेशनमा कसरी आफ्नो पक्षको नेतृत्व हत्याउने भन्ने होडबाजी चलेको छ र त्यसैले एमालेमा दुई घार बनिरहेको छ । नेतृत्व पंक्तिमा विभाजित एमाले कार्यकर्ता पंक्तिमा भने एक देखिएको छ । सार्वजनिक कार्यक्रममा एमालेमा आन्तरिक समस्या छ भन्ने कसैले पनि थाहा पाउँदैनन् तर कोठे बैठकमा भने एकले अर्काको आलोचना गरेको प्रशस्तै सुन्न पाइन्छ ।

माओवादी केन्द्रमा भने एमालेको भन्दा भिन्न छ । अहिले माओवादीमा विधीलाई स्थापित गर्ने र पार्टीलाई सामूहिक रुपमा सञ्चालन गर्न भन्दै आवाज उठेको छ । त्यो विषय माओवादीले सञ्चालन गरेको तीन महिने अभियानका क्रममा जोड तोडले उठ्यो । केही दिन अगाडि भएको २ दिने जिल्ला कमिटी बैठक पनि त्यसैको निरन्तरता भएको विश्लेषण गरिएको छ । माओवादी नेतृत्व बीचमा देखिएको यो समस्या अहिले पालिका कमिटीसम्म पुगेको छ र पालिका कमिटीले विधि र पद्धतिलाई अँगाल्ने भन्दै बैठकमा छलफल चलेपछि त्यसले कार्यकर्ता तहसम्म पुऱ्याई दिएको हो । पुराना बामपन्थी नेता विश्वभर लामिछाने भन्छन्: सिन्धुलीका दुई कम्युनिष्ट पार्टीहरुमा अहिले देखिएको समस्या कुनै जटिल होइन भन्छन् । मुख्य समस्या भनेको पार्टीलाई विचार संगठन र नेतृत्व बीचको आपसी समझदारी र समन्वयमा सञ्चालन गरिएको छ वा छैन भन्ने हो ।

**भ्यू ........**

छिरेर लागु औषधलगायतमा संलग्न युवा युवतीहरु प्रवेश गरेर यस क्षेत्रलाईनैं दुर्गन्धित बनाइसकेका छन् । स्थानीय वासिन्दाहरु भने भ्यू टावर सञ्चालनमा नआउँदा दुर्व्यसनी र गलत धन्दामा संलग्न मानिहरु बसोवास गर्ने अखडा बनिरहेको छ, त्यस्तो गलत कार्य रोक्न कमलामाई नगरपालिकाले चासो दिएन, ती स्थानीयले भने ।

यसैबीच राजधानी काठमाडौ जोडिने छोटो दुरीको बिपी राजमार्ग सञ्चालनमा आएसँगै सिन्धुली जिल्ला सदरमुकाम लागु औषध ओसार पसारको ट्रान्जिट बन्न पुगेको छ । सिन्धुली प्रहरीले दिएको जानकारी अनुसार राजधानी प्रवेश गर्ने सवारी साधनलाई चेक जाँच गर्ने हो भने ४० प्रतिशत सवारी साधनमा लागु औषध भेटिने छ ।

भारतीय सिमा क्षेत्रमा जोडिएका तराईका जिल्लाबाट राजधानी प्रवेश गर्ने सवारी साधनहरुले लागु औषध बोकेर गइरहेको छ, ती सबैलाई राम्रोसँग चेक जाँच गर्ने हो भने ४० प्रतिशत सवारी साधन समातिन्छन्, ती प्रहरी अधिकारीले सन्देश जनप्रियसँग भने ।

सिन्धुलीमा पछिल्लो सामुदायिक विद्यालयहरु लागु औषध ओसार पसार गर्नेहरुको प्रभावमा पर्न थालेको देखिएको छ । जिल्ला सदरमुकाम स्थित सामुदायिक विद्यालयमा लागु औषधको प्रवेश हुन थालेपनि स्थानीय प्रशासन र स्वयमं स्थानीय सरकार यो डर लाग्दो तथ्यवारे बेखबर बनेको सरोकारवालाहरुले बताउन थालेकाछन् ।

**सिन्धुली........**

आयोजकको भनाइ छ। आयोजक टोलीका अनुसार आन्तरिक पर्यटनलाई प्रवर्द्धन गरी सिन्धुलीको पर्यटन विकासमा टेवा पुऱ्याउने र जिल्लाको उत्पादन, परिकार र संस्कृतिको प्रवर्द्धन गर्ने महोत्सवको मुल उद्देश्य हो । जिल्लाको सांस्कृतिक प्रवर्द्धन एवं संरक्षणमा समेत यो कार्यक्रम सहयोगी हुने जिल्लाका व्यवसायीले अपेक्षा गरेका छन् । फुड फेस्टिबलमा चर्चित गायक-गायिका, कलाकार तथा सांगितिक समूहहरूको समेत प्रस्तुति हुनेछ । साथै, विभिन्न नेपाली खानाका परिकारहरू र स्वदेशी उत्पादनहरूको विषेश प्रदर्शन/प्रस्तुतिका स्टलहरू हुनेछन् । बालबालिका र युवाका लागि विभिन्न खेलहरु राखिने आयोजकले जनाएको छ । बाल उद्यान, रोटेपिंग, मारुती सर्कस, कोलम्वस, जादु, बालवालिकाको खेल सामाग्री सहित फेस्टिबलमा मनोरन्जनको प्याकेजनै रहेको प्रबन्धक मगरले बताउनुभयो । मगरका अनुसार फेस्टिभलमा सिन्धुली जिल्लाभर उत्पादित कृषिजन्य उत्पादनको विक्रि वितरण तथा प्रदर्शनका लागि स्टल निशुल्क गराईने छ । स्थानिय उत्पादनलाई प्रोत्साहन गर्दै स्वदेशमै पौरख गनेलाई बजारको निशुल्क व्यवस्था गरिएको मगरले बताउनुभयो । त्यसैगरि, हस्तकला तथा घरेलु उद्योगको स्टलमा ५० प्रतिशत छुट दिइने छ । सरकारी स्वास्थ्य संस्थालाई सेवाको लागि निशूल्क स्टल व्यवस्था गरिने मगरले बताउनुभयो । सिन्धुली उद्योग वाणिज्य संघमा आवद्ध व्यापारीको हकमा प्रति स्टल ३३ प्रतिशत छुटको व्यवस्था गरिएको मगरले बताउनुभयो ।

उहाँले स्टल बुकिङ गर्न संघमा आवद्धता भएको प्रमाणपत्रको प्रतिलिपीसहित सम्पर्क गर्न अनुरोध गर्नुभयो ।

महोत्सवमा ५० भन्दा बढी यस्ता स्टलहरू हुने अनुमान छ भने ६० हजार बढी अवलोकनकर्ताहरू पुग्ने आयोजकको अनुमान छ ।







# चौथो अङ्ग, रबि र शालिग्रामहरू

अनुषा थापा

बुढापाकाले भन्थे, 'अरुलाई रुवाए, दुःख दिए, ठगे वा मारे, अर्को जुनीमा भोग्नुपर्छ।' केही वर्षअघिको कुरा हो। पत्रकार शालिग्राम पुडासैनीले भक्कानिएर रुदैं भिडियो तयार गरे। पत्रकार राज्यको चौथों अंग हो। र, हतपत्त पत्रकारहरु कोहीसँग डराउँदैनन भन्ने सर्वसाधारणको मनमा अहिले पनि छ।

पुडासैनी पनि पत्रकार नै थिए। राज्यको चौथों अंग थिए। उनी कलिलै उमेरका थिए। पुडासैनीको जन्म थलो नुवाकोट हो। उनी राजधानी काठमाडौंमा बस्दै आएका थिए। आर्थिक अवस्था कमजोर भएका घरपरिवारका थिए, पुडासैनी। केही समयअघि मात्र वैवाहिक सम्बन्धमा बाँधिएका थिए, उनी।

उनले न्यूज २४ मा रवि लामिछाने सँग काम गरे। लामिछानेको सम्पूर्ण गोप्य कुरा उनले थाहा पाइसकेका थिए। पुडासैनीले लामिछानेको बारेमा सबै कुरा थाहा पाएपछि न्यूज २४ छोडेर उनी माउण्टेन टेलिभिजनमा गए। पछि लामिछानेको प्रेस वा दबाब सहन नसकेपछि उनले चितवनमा गएर आत्महत्या गरे।

आफु मरेपनि राज्यलाई अपराधी समात्न सजिलो होस् भनेर उनले मर्नुअघि रुदैं भिडियो रेकर्ड गरेका थिए। उक्त भिडियोमा लामिछानेको दुई वटा नागरिकता, पासपोर्ट रहनुका साथै धेरै व्यापारीहरुलाई धम्काएर पैसा लिएको उनले बताएका थिए। पुडासैनीले आत्महत्या गरेपछि प्रहरीले अनुसन्धान गर्ने क्रममा सो भिडियो भेट्यो।

पछि त्यो भिडियो विभिन्न सञ्चार माध्यममार्फत बाहिरियो। कतिपय सञ्चारमाध्यम भने त्यो भिडियो सार्वजनिक गर्न डराए त कतिपय सञ्चारमाध्यमले सार्वजनिक गरे। पुडासैनीको त्यो भिडियो सार्वजनिक भएपछि जनताले लामिछानेको विरोध गर्न सुरु गरे। उनले कारबाही गर्नुपर्ने आवाज उठ्न थाल्यो।

प्रहरीले लामिछानेलाई न्यूज २४ को कार्यालयबाट समात्यो। त्यसपछि पुडासैनीले आत्महत्या गरेको ठाउँ चितवन लगियो। तर, न्यूज २४ का पत्रकारहरुले लामिछाने निर्दोष रहेको र उनलाई फसाउने लागिएको भन्दै चितवनबासीलाई सडकमा उर्त्रिन बाध्य बनाए। त्यतिखेर लामिछाने राजावादी थिए। उनकी श्रीमति पनि राजनीतिक दलमै आवद्ध थिइन्। राजावादीहरुले मुलुकभरका आफ्ना कार्यकर्ता तथा समर्थक चितवन लगे। नेपालकामै हुँ भन्ने कलाकार पनि लामिछानेलाई चितवनमा भेट्न पुगे। चितवनमा भीड एकदमै बढिसकेको थियो। किनकि त्यहाँ पैसा खर्चिएर मानिसहरु ल्याइएको थियो। भीड बाक्लो भएपछि प्रहरी प्रशासनलाई नियन्त्रण गर्न गाह्रो भयो।

त्यसपछि चितवन जिल्ला अदालतले लामिछानेलाई तारिखमा छोडिदियो। तारिखमा छोडेपछि लामिछानेले त्यहाँ ठूलो कार्यक्रम गरे। चितवनबासीको गुन कहिल्यै नबिर्सिने भन्दै उनले भाषण गरे। राजनीतिक पहुँच र पैसाको आडमा लामिछानेले पछि उच्च अदालत पाटनबाट सफाइ पाए।

०७९ मंसिर ४ गतेको प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनमा उनले चितवन निर्वाचन क्षेत्रनम्बर २ बाट उम्मेदवारी दिए। चुनाव जितेपछि गृहमन्त्री बने। गृहमन्त्री भएपछि उनको नागरिकता र राहदानीको विषयमा अदालतमा मुद्दा पर्‍यो। कारण थियो, उनको दुई वटा नागरिकता र राहदानी छ। नेपाली र अमेरिकन। अदालतले लामिछानेले नेपाली नागरिकता त्यागेर अमेरिकन नागरिकता र राहदानी लिएको तर त्यो नागरिकता त्यागेर पुनः नेपाली नागरिकता नलिएकोले अमेरिकन नागरिकता त्यागेर नेपालको संविधान बमोजिम नेपाली नागरिकता लिन फैसला सुनायो।

नागरिकताकै कारण उनको गृहमन्त्री, सांसद र पार्टीको सभापति पद गुम्यो। नेपालको संविधान बमोजिम नागरिकता लिन्छु भन्दै लामिछानेले पछि जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट नागरिकता लिए। चितवन क्षेत्रनम्बर २ मा ०८० बैशाख १० गते उपनिर्वाचन भयो।

जनताले फेरि पनि दोहोप्याएर मतदान गर्नुपर्‍यो त जनताले तिरेको कर खर्च भयो। यता, पत्रकार पुडासैनीले मर्नुअघि रेकर्ड गरेको भिडियोमा भनिएको एकएक शब्द त अदालतले प्रमाणित गरिदियो नि त। पुडासैनीलाई त लामिछानेले मारिहाले पछि आफ्नै गाडीको ड्राइभरलाई समेत मारेको आरोप उनीमाथि लाग्यो।

अहिले आफ्नै क्षेत्रका जनताको पैसा लामिछानले सहकारी खोलेर हिनामिना गरेको आरोप लागेको छ। हिजो लामिछाने निर्दोष भन्दै सडकमा उर्त्रिएका चितवनबासीको अब चाहिँ बल्ल उनको असली रुप देख्ने छन्। पत्रकार पुडासैनी रुदैं लामिछानेको सम्पूर्ण गैरकानूनी कामबारे खुलासा गर्दा चितवनबासीले उनलाई न्याय दिएनन्। लामिछानेजस्तो अपराधी व्यक्तिको लागि उल्टो सडकमा उर्त्रिए। अब त चितवनकै जनताको पैसा लामिछानेले डुबाइदिएका छन्। अनि अझै पनि चितवनबासी लामिछानेकै गुनगान गाएर बस्छन् कि उनको विरोधमा सडकमा उत्रिन्छन् ?

तामझामका साथ लामिछानेद्धारा खोलिएको टेलिभिजनमा चितवनका हजारौं बचतकर्ताको करोडौं रकम डुबेको छ। पत्रकार पुडासैनी त मरे। उनको घरपरिवारको आर्थिक अवस्था कमजोर भएकोले पुडासैनीले न्याय पाएनन्। उनी मरेको मरै भए। अनि उनलाई मर्न बाध्य बनाउने व्यक्ति झन् ठूलो र शक्तिशाली हुन पुग्यो। सञ्चार माध्यमहरुले पत्रकार पुडासैनीको भिडियो बाहिर ल्याउनुपर्छ।

उनको न्यायको लागि आवाज उठाउनुपर्छ। किनकि पुडासैनी पनि राज्यको चौथों अंग नै हो। पुडासैनीको मुद्धामा त लामिछाने राजनीतिक पहुँच र पैसाको आडमा जेल जानबाट बचे। तर, अब सहकारीको मुद्दामा त उनी जेल जानबाट कुनै पनि हालतमा बच्ने छैनन्।

**-जनता टाइम्स डटकमबाट।**

## सामाजिक सञ्जाल

नेकपा एमाले र माओवादी केन्द्रको मिलनपछि बनेको नेकपा बिभाजनले त्यसको एक घटक नेकपा माओवादी केन्द्रलाई तत्कालीन अवस्थामा संगठनात्मक रुपमा केही घाटा भए पनि धेरै क्षति व्यहोर्नुपरेन। माओवादी नेताहरु त्यस आधारमा सन्तुष्ट थिए। तर, माओवादीलाई पनि ठूलै क्षति पुगेको रहेछ भन्ने कुरा २०७९ मा सम्पन्न निर्वाचनहरुले देखायो। पाँच दलीय गठबन्धन बन्दा पनि माओवादीले आफ्ना आधार इलाका मानेका क्षेत्रहरुसमेत जोगाउन धौ धौ भयो। पुस ५ को त्यो निर्णयले सबैभन्दा बढी क्षति एमालेले व्यहोर्‍यो र अहिलेसम्म पनि व्यहोर्दैछ। संसद व्युँतिएपछि संवैधानिक रुपमा एमालेको हार भयो। आफैंले विघटन गरेको संसदमा टेकेर फेरि पनि सत्तामा चिप्किरहनाले राजनीतिक र नैतिक रुपमा एमाले हार्‍यो। पार्टी विभाजन हुनबाट जोगाउन सकेन, संगठनात्मक रुपमा एमाले हार्‍यो। जनताको बहुदलीय जनवादभन्दा माथि उठ्ने गरी सहमति भएको थियो। तर, फेरि जनताको बहुदलीय जनवादमै फर्कियो, वैचारिक रुपमा पनि एमाले हार्‍यो।

➢ **प्रकाश रानामगर कमलामाई २ सिन्धुली**

स्वास्थ आलोचना हुनु आबश्यक छ त्यो पनि सम्बन्धित कमिटीको मिटिङमा। आलोचना ब्यक्तिगत हुनु भएन। गरेको कामको प्रसम्सा पनि हुनु पर्छ। सिन्धुलीको हकमा माओवादी पार्टी टुटफुटले कमजोर बनाएको जगलाई रक्षा गर्ने सबाल सामान्य थिएन। जो राजन दाहालको नेतृत्वले सहज बनाइदियो। त्यसो भन्न कोहि हिचकिचाउनु पर्दैन। उनैको नेतृत्वले अत्साह र उर्जा पैदा गर्‍यो। ठूलो पार्टी पङ्ती गोलबद्ध भयो। बिपक्षीलाई सयोग पुग्ने गरि नेतृत्वलाई खुइल्यानु गलत हुन्छ। यसले पश्चाताप बाहेक केही दिदैन। आफ्नै घरमा आगो लगाएर ताप्ने काम कोहीकसैले नगरौं। नेतृत्वको रक्षा गर्नु नै समाजवादमा पुग्ने उत्तम बिकल्प हो।

➢ **मनोज दाहाल सिन्धुली**

गफ दिएर मात्रै नेता भइन्दैन। आफ्नो आचरण सबैले हेर्नुपर्छ, यहाँ काम गर्नेलाई धेराबन्दी कसेर के के नै खाउला जस्तो गर्छन। विचारको नाममा जडसुत्र भएर विद्वान भइएला तर नेता भइन्न। अहिले कुशल संगठनक र काम गर्ने नेता चाहिन्छ हामीलाई, जनतालाई। काम गर्ने नेतालाई साथ अरुलाई माथ, यति बुझौ, धन्यवाद, व्यक्तिगत वुझाई मेरो।

➢ **भानुक्त श्रेष्ठ, कर्मचारी, कमलामाई नगरपालिका**

जब जब नेतृत्व हरुले आफ्नो आलोचना र आत्माआलोचना सुन्न वा स्वुंकारगर्न सक्दैनन् उनीहरू प्रशंसा तारिफ र आत्मा रतिमा रमाउन थाल्छन् तब उनीहरूले यथार्थ धरातल बिचार र बर्गीय दृस्ठिकोण बाट च्युत हुनपुग्छन् त्यस्ता नेतृत्व र जन प्रतिनिधि हरुले जनताको आसा अपेक्षा नत पुरागर्न सक्छन् नत वास्तविक रुपमा समाजबादी क्रान्तीको नेतृत्वगर्न सक्छन्।

➢ **यमकुमार देवकोटा, नेता माओवादी केन्द**

नेपालका कम्युनिष्ट पार्टी भित्र आलोचना र आत्मालोचनाको संस्कार सकिएर हुनुपर्छ। उनीहरु आफनो आलोचना अलिकति पनि सुन्न सक्तैनन्। जो आलोचना सुन्न र स्वीकागर्न सक्तैन वासतमा तीनीहरु कम्युनिष्टनै हुन सक्तैनन्। व्यक्ति पूजा गर्ने र गणेशकै शैलीमा नेतृत्वको वरिपरि गरेर गणेश शैलीको पार्टी र संगठन निर्माण गर्ने कार्यले व्यक्ति त बलियो होला तर पार्टी र संगठन कमजोर बन्छ भन्ने तथ्यलाई कोही कसैले स्वीकारेको देखिएन। आफ्नो स्वार्थको समूह वा गुट बनाएर भजन गाउने भन्दा जनताका बीचमा गएर उनीहरुका पीर मर्का सुन्ने काम गरे कति राम्रो हुन्थ्यो। सामाजिक सञ्जालमा दिने अर्ति उपदेशले सिन्धुलीका सर्वसाधारण वाक्क भएका छन्।

➢ **उर्मिला लामा केन्द्रीय सदस्य, माओवादी केन्द्र**

पहिलो कुरा हामी नेतृत्वको प्रतिरक्षा गर्छौं। दोश्रो कुरा यसका साथ साथै हामी नेतृत्वको गल्तिहरुको आलोचना गर्छौं।

➢ **प्रमोद दाहाल, पत्रकार**

पार्टीको चार महिने अभियान अन्तर्गत सिन्धुली जिल्लाको मरिण गाउँपालिकामा मेरो जिम्मेवारी परेको थियो यो चार महिनाको बीचमा मैले मेरो भूमिका लाई कुशलता पुर्बक पुरा गर्न सके अथवा सकिन त्यो त्यहाँका पार्टी कमिटीलेनैं मुल्यांकन गर्नुहुनेछ तर मैले कमिटीका साथीहरुको अथाह साथ सहयोग र सद्भभाब पाएँ जहाँ बाट म आफैले धेरै कुराहरु सिक्ने अबसर पनि पाएँ। जनबादी केन्द्रियताको आधारमा विधि प्रक्रिया र पद्धति अनुसार पार्टी चलाउन सबैले मरिण पार्टी कमिटीसँग सिक्न जरुरी छ।

➢ **प्रकाश दनुवार, दुधौली**

खबर हाम्रो, फैसला तपाईको: पलपलको खबरका लागि
प्रदेशखबर www.epradeshkhabar.com
Email: sandeshjanapriya@gmail.com

ताजा दुध, दही, घिउ पनिर र खुवाका लागि हामीलाई संझनुहोस।



कमलामाई डेरी प्रा.लि सिन्धुली
माझीटार, सिन्धुली (शिक्षा समन्वय कार्यालयसंगै) PHONE NO.- 9843354289

भिड जहिले पनि त्यही बाटोमा हिँड्छ, जुन बाटो सजिलो छ । तर, यसको मतलब यो होइन कि भिड सधैं सही बाटोमा हिँड्छ । - अज्ञात

## सम्पादकीय

# आफ्नैबाट आलोचित प्रधानमन्त्री

**माओवादी जनयुद्धका क्रममा एउटा गीत निकै लोकप्रिय रह्यो । 'के सरकार देखियो लाजै नभाको, जनताको एक बुठी मायाँ नभाको' गीतले शासकहरूका बिरूद्ध आको ओकल्न उत्प्रेरित गरेको थियो रोल्पालीहरूलाई । जनगायक चुनु गुरूङले गाउनुभएको उक्त गीतको सहरामा १० वर्षे जनयुद्धले तत्कालिन शासनकलाई भित्तामा मात्रै पुऱ्याएन सदाका लागि समाप्त पारिदियो ।**

**अहिले त्यही गीतमा आज सर्वसाधारणलाई सरकारका विरूद्ध उराल्ने कमाण्डर पुष्पकमल दाहाल प्रचण्डले सरकारको नेतृत्व गरिरहनु भएको छ । दिल्लीको सहयोगमा गरिएको १२ बुँदे समझदारी पश्चात गरिएको जनयुद्धको समाप्तीपछि त्यस बेला उठान गरिएका जनताका समस्याहरू सम्वोधन गरिनुको साटो असरल्ल सडकमा छोडियो र २०६३ मंसिर ५ गते गरिएको बृहत शान्ति संझौता उनै नेताहरूका लागि सत्ता प्राप्तीको माध्यम बन्न गयो ।**

**शान्ति संझौतामा उल्लेखित प्रावधानहरूलाई दृढतापूर्वक कार्यान्वयन गर्नुको साटो सत्तरोहका लागि अनेकौं तानाबुना बुन्दै आफ्नै सहकर्मी मध्ये कोहीलाई काखी च्याप्ने र कसैलाई भित्तामा पुऱ्याउने प्रचण्डको कार्यशैलीकाकै कारण जनयुद्ध लडेकाहरू अहिले सो पार्टीभन्दा बाहिर छन् भने शान्ति प्रक्रियाका पुरा हुनु पर्ने द्धन्द्धकालिन मुद्धाहरूको छिनोफानो, बेपत्ताहरूको छानवीन र घाइते तथा अपाङहरूको भरणपोषण जस्ता विषयहरू सम्बोधन हुनै सकेन । फलस्वरूप माओवादीनैं बिभिन्न टुक्रामा बिभाजित बन्यो र परिवर्तनका लागि लड्नेहरू जीवन रक्षाका लागि विदेशमा पसिना बगाईरहेका छन् भने जनयुद्धका केही थान नेताहरूका लागि सत्तारोहको यात्रा निरन्तर जारी रहेको छ ।**

**जव उनीहरू सत्तामा पुग्छन् र आफ्नै भित्र पिल्सिएकाहरूले त्यसको विरोध गर्छन् वा सच्चिन दबाब दिन्छन् त्यस्ता नेता कार्यकर्तालाई पार्टीबाटै निकालेर आफ्नो स्वार्थ समूहको अखडा बनाउँदै गैर माओवादी चरित्रकाहरूले पार्टी कब्जामा लिएर थप समस्या सिर्जना गरेको भन्दै अहिले सोही पार्टीभित्र कमजोरीहरू पहिल्याउने प्रयत्न पनि हुन थालेको देखिएको छ ।**

**सत्ता प्राप्तीका लागि जस्तोसुकै कदम चाल्न पछि नपर्ने प्रचण्डको कार्यशैलीले स्वयमं अहिले सरकारको आलोचना बढाएको छ । स्वयमं प्रधानमन्त्री प्रचण्डकै कार्यशैली, सरकारी संयन्त्र र निकायहरू विकास र समृद्धिको दृष्टिले हेर्ने हो भने निकम्माजस्तै देखिँदै आएका छन् । सरकारबाट भएका आक्कल झुक्कल हुने विकासका कार्यहरूमा पनि ठूलो विभेद हुने गरेको छ । मुलुकमा विकास प्रक्रिया अवरूद्ध हुँदा र भएका भनिएका असन्तुलित विकासका कारण आम नागरिकमा राज्य र सरकारप्रति अपनत्वको भावना सिर्जना हुन सकेको देखिँदैन नत उनकै पार्टीका नेता कार्यकर्ताहरूमा देखिएको छ । विकास आवश्यकताका आधारमा भन्दा पनि सोर्सफोर्स र पहुँचका आधारमा नैं गरिएपछि अहिले त्यसको चौतर्फी आलोचना मात्रै भएको छैन, सरकारको दिनगन्ती पनि प्रारंभ भएको विश्लेषण गर्न थालिएको छ ।**

# इन्जिनियरमाथि रोबोटको आक्रमण

**एजेन्सी/** अमेरिकाको टेक्सासमा एलन मस्कको कार कम्पनी 'टेस्ला'को कारखाना छ । उक्त कारखानामा कार्यरत एक इन्जिनियरलाई सोही कारखानामा तैनाथ गरिएको एउटा रोबोटले हमला गरेको खबर प्रकाशमा आएको छ । सन् २०२१ मा भएको उक्त घटना हालै नियामक निकायमा गरिएको उजुरीपछि प्रकाशमा आएको हो । सन् २०२१ र २०२२ मा टेक्सास कारखानामा रोबोटसँग जोडिएको कुनै पनि त्यस प्रकारको घटना टेस्लाका तर्फबाट नियामक निकायलाई जानकारी गराइएको थिएन ।

समाचार एजेन्सीहरुका अनुसार पीडित इन्जिनियर अन्य दुई रोबोटको प्रोग्रामिङमा व्यस्त रहेको समयमा एउटा रोबोटले उनीमाथि हमला गरेको थियो । उक्त रोबोटलाई आल्मुनियम कारको हिस्सालाई समात्न डिजाइन गरिएको बताइन्छ ।

रोबोटको धातुको पञ्जाले ती कर्मचारीको ढाड र हातमा नराम्ररी घोचिएको थियो र रक्ताम्य बनाएको थियो । अन्य कर्मचारीहरुले आपतकालीन बटन थिचेर रोबोटलाई बन्द गरेको बताइएको छ । टेक्सासस्थित कारखानामा श्रमिकहरुको प्रतिनिधित्व गर्ने एक वकिलका अनुसार काम गरिरहेको समयमा हुने त्यस्ता दुर्घटना र क्षतिका घटना थोरैमात्र बाहिर आउने गरेको तथ्य श्रमिकहरुसँगको कुराकानीका क्रममा पत्ता लागेको हो । ती वकिलका अनुसार २८ सेप्टेम्बर २०२१ मा एक निर्माण श्रमिकको मृत्युसमेत यसमा सामेल छ । मृत्यु भएका श्रमिकको नाम एन्टेल्मो रामिरेज हो भने उनीको मृत्यु 'हिट स्ट्रोक' का कारण भएको उनको दाबी छ । डेलीमेलबाट

# नेपालमा चलेको धर्मको व्यापार

**दिपा भण्डरी**

नेपालमा धार्मिक द्वन्द्वका घटनाहरू केही वर्षयता पटक-पटक दोहरिँदै छन् । सशस्त्र संघर्षका दौरानमा क्रिश्चियन धर्म प्रचारकको आबरणका नाममा माओवादीले राजनैतिक गतिविधी गरेको तथ्य लुक्न नपाउँदै सोही पार्टीका संस्कृति मन्त्री सुदन किराँतीको क्रिश्चियन धर्मप्रतिको टिप्पणीले फेरी पनि जनयुद्धकातिन सन्दर्भ संझाएको छ ।

एकातिर विभिन्न लोभ र अन्ध विश्वासमा फसाएर क्रिश्चियन बनाउने अभियान चलाइरहेको छ भने अर्कोतिर भारतीय अतिवादी हिन्दूहरूको नक्कल गरी नेपालमा पनि हिन्दू अतिवादीहरू धार्मिक द्वन्द्व निम्त्याएर राजनीतिक लाभ लिन धमिलो पानीमा माछा मार्ने दाउमा विभिन्न स्वार्थी समूहरु रहेका छन् । यहाँ एउटा धर्मका अनुयायीले अर्को धर्मका अुनयायीमाथि गलत टिप्पणी गर्ने र आफ्नो धर्म र ईश्वर संसारकै उत्कृष्ट र शक्तिशाली रहेको दाबी गर्ने होडबाजी चलेको छ । यदि कुनै निश्चित धर्मको ईश्वर सर्वेसर्वा वा सर्वव्यापी हुने भए भए अनाहकमा गजाका निर्दोष प्यालेस्टिनी जनताले ज्यान गुमाउनु पर्ने अबस्था आउने थिएन होला ।

वास्तवमा धर्म उत्कृष्ट चिज हुँदै होइन र छैन पनि । धर्मलाई कम्युनिष्टहरुका गुरु कार्ल माक्सले अफिमको रुपमा टिप्पणी गरेका थिए । नेपालका कम्युनिष्ट भने त्यही अफिमलाई रोपेर फैलाईरहेका छन् । धर्म आफैंमा अन्धविश्वासलाई बढावा दिने माध्यम हो । धर्म आफैमा मानव बिचमै द्वेष निम्त्याउने माध्यम भएको छ । मानव बिचमा अहम् बढाउने कारक बनेको छ । यही वास्तविकतालाई मार्क्सको छोटो वाक्य 'धर्म एक अफिम हो' ले छर्लङ्ग पारेको हो ।

आजकल विभिन्न धार्मिक कथा वाचन गरेर पैसा कमाउने धन्धा खुब चलेको छ । धर्मको नाममा कथा वाचन गर्ने भनेको कुनै गायन समूहले कन्सर्ट आयोजना गरेर पैसा कमाउनुजस्तो बाहेक केही होइन । भागवत गीता सुनाएको दसौं लाख शुल्क लिने कथावाचक कथित पण्डितहरू छन् । भारतीय मिडिया रिपोर्टका अनुसार कथावाचक देवकीनन्दनले १५ लाख र अनिरुद्राचार्यले धार्मिक कथा वाचन गर्न २० लाख लिन्छन् । नेपाल आएका धीरेन्द्र कृष्ण शास्त्री भन्नेले त कथावाचन गराउँदा पच्चीस लाखसम्म लिने गरेको देखियो । त्यसैको सिको गरेर नेपालमा पनि थुप्रै यस्ता कथा वाचकरूपी व्यवसायीहरू देखा परेका छन् । कथा वाचन गरेबापत यति धेरै पैसा कमाउने कथावाचकहरूले आफ्नो प्रवचनमा उपदेश दिन्छन्, "सबै मोह माया हो । भौतिक सुखको त्याग गरेर ईश्वरको भक्ति गर । ईश्वरको भक्तिमा परम सुख छ ।" यिनीहरू अरूलाई भौतिक सुखको त्याग गर्ने ज्ञान दिन्छन् तर दानमा आएको पैसा सापट दिएर मिटर होइन किलोमिटर ब्याज असुल्छन् । यिनीहरू जोगी वा योगी होइनन् । यिनीहरू धर्म व्यवसायी हुन् । यिनीहरूबाट विशेष अपेक्षा राख्नु भनेको अज्ञानी बन्नु बाहेक केही होइन ।

सबै धर्म आर्थिक शोषण र सामाजिक शोषणमात्र होइन बौद्धिक शोषणका पनि मुख्य वाहक हुन् । यस्तो हुनुको पछाडि ती धर्म गुरु भनाउँदाहरूको मात्र दोष होइन यस्ता पाखण्डीहरूको बकबासको पछि लाग्ने हामीहरू पनि त्यतिकै जिम्मेवार छौं । यस्ता पाखण्डीमाथि रचिएको एउटा लघुकथा छः घरमा एकादशी महात्म्यको धार्मिक अनुष्ठान सम्पन्न गर्नको लागि प्रसिद्ध पुराण वाचकलाई आमन्त्रण गर्ने निधो भयो । घरकै पाको मान्छे पण्डितलाई बोलाउन उनको घरमा आफैं गएका थिए । पण्डितको घर पुग्दा त के देखियो भने माछाको झोल र भात खान पल्केका पण्डितले आफैंले बजार गएर किनेर ल्याएको माछा आफैंले पकाएर माछाको झोल र भात खाँदै रहेछन् । त्यो देखेर जजमानले सोधेछन्, "गुरु, गतहप्ता जिम्मुवाल बुढाकहाँ प्रवचन दिँदा त पण्डितले माछामासु खान हुँदैन भन्नुभएको थियो, अहिले त आफैं माछा र भात दनादन खाँदै हुनुहुन्छ ।" जवाफमा पण्डितले भनेछन्, "पुस्तकको माछा पो खान हुन्न भनेको, खोलाको माछा खान हुन्न भनेर मैले कहिले भनें ?"

धर्मका ठेकेदारहरू भन्छन्, "धर्मले नैतिकबोध गराउँछ, आत्मबोध गराउँछ", तर वास्तविकता के हो भने धर्मसँग नैतिकताको गोरु बेचेको साइनो सम्बन्ध समेत रहँदैन । त्यसो हो भने नैतिकता र धर्मको ठूला ठूला डिङ हाँक्ने योगी, तपसी, माहात्मा भन्नेहरू किन यति धेरै रिसाहा, असभ्य र झगडालु हुन्छन् ? समय समयमा विभिन्न धर्मका धर्मगुरुहरू नै किन यौनकाण्डमा परेर जेलमा पर्छन् । प्रस्ट छ, धर्मको जग नै भ्रममा खडा भएको हो । मान्छेलाई नैतिकवान बनाउने असल शिक्षाले हो, असल संस्कारले हो र प्रभावकारी कानूनी व्यवस्थाले हो । फोहरको डंगुरजस्तो धार्मिक परम्परा र संस्कृतिले भाँडतन्त्रलाई जन्म दिन्छ । ठगहरूले रचेका भ्रमहरूद्वारा ईश्वरको जन्म हुन्छ । ईश्वरले मानिसको मस्तिष्कसँग संसर्ग गरेपछि 'धर्म' नामक सन्तानको जन्म हुन्छ । यसले समय र दिमागलाई बर्वादमात्र गर्छ । अनि पाखण्ड, भ्रम र अन्धविश्वासको ओत लाग्ने ठाउँ धर्म भइदिने गर्छ । बाबुबाजेले मानिआएको धर्म संस्कृति कसरी छोड्नु ? भन्ने धेरैलाई लाग्न सक्छ । रुस युक्रेन युद्धको बिचमा हालैको एउटा उदाहरण हेरौं । आफ्ना बाबुबाजेले जनवरी ७ का दिनमा मनाइने क्रिसमसलाई पश्चिमाहरूको लहैलहमा युक्रेनीहरूले पनि डिसेम्बर २५ का दिनमा मनाएका छन् । कुरो के रहेछ भने तत्कालीन सोभियत सङ्घ अन्तर्गतका राज्यहरूमा जनवरी ७ का दिनमा मान्ने क्रिसमसलाई रुसको विरोध गर्ने नाममा युक्रेनीहरूले जनवरी ७ का दिनमा नमनाई २५ का दिनमा मनाएका रहेछन् । त्यसैले 'बाबुबाजेले मनाइ आएको धर्म संस्कृति र परम्परा' मानेन भने अशुभ हुन्छ वा पाप लाग्छ भन्नु पनि बनावटी तर्कमात्र रहेछ । गोरखाका एक बासिन्दाले अहिले सरकारको नियन्त्रणमा रहेको एउटा बहुमूल्य पत्थरलाई कुल देवता भन्दै वर्षौंदेखि पूजा गरिरहेका थिए । भगवान भनेकै यस्तै त हो, जेलाई मान्यो त्यही भगवान ।

राज्यको धर्म हुँदैन, नागरिक जुनसुकै धर्म अवलम्बन गर्न स्वतन्त्र रहन्छन् भन्ने आसयले राज्यसँग धर्मनिरपेक्षता जोडिएको हो । अहिले एकथरी धर्मालम्बीहरू आफ्नो राजनीतिक स्वार्थ पूरा हुन्छ कि भनेर धर्म निरपेक्षताको विरोध गरेर गरिरहेका छन् । धार्मिक स्वतन्त्रता त धर्म निरपेक्ष राज्यमै प्राप्त हुन्छ । अमृतलाई विष बनाउनु छ भने राजनीतिमा धर्म घुसाइदिनु पर्छ । नेताहरूले धर्मविनाको राजनीतिक व्यवहार देखाउनुपर्छ । बाध्यतावस कोही अनपढ हुन सक्छ तर शिक्षित भएर पनि कुसंस्कार मान्नु मादक पदार्थ स्वास्थ्यको लागि हानिकारक छ भन्ने जानी जानी पनि त्यही चिज सेवन गर्नुजस्तै हो । संसारमा कुनै पनि धर्म नमान्ने नास्तिकको संख्या १ अर्ब १० करोड रहेको आँकडा छ । सक्नुहुन्छ भने कथित धर्म त्याग्नुस् नभए आफ्नो परम्पराको रूपमा मानौं तर कसैको लोभ वा दबाबमा धर्म परिवर्तन चाहिं नगरौं ।

# माओवाट नेपालका कम्युनिष्टले सिक्नै पर्ने पाठ



**कृष्ण गौतम**

मार्क्सवाद-लेनिनवाद वस्तुगत यथार्थबाट जन्मेको र त्यसैको कसीमा जाँचिएको सबभन्दा सही वैज्ञानिक र क्रान्तिकारी सिद्धान्त हो । मार्क्सवाद जडसूत्र होइन कार्यको मार्गदर्शक हो । मार्क्सले व्यवहारिक संघर्षहरूको क्रममा व्यापक जाँच बुझ र अध्ययन गरे । यसले द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद र सर्वहारा क्रान्तिको सिर्जना गऱ्यो । व्यवहारसित नगाँसिएको सिद्धान्त उदेश्यबिहिन हुन्छ । उदेश्यहिन सिद्धान्त व्यर्थ हुन्छ, यसलाई त्याग्नुपर्छ । यस कारण, मार्क्सवादी सिद्धान्तलाई निष्प्राण जडसूत्र ठान्नु हुँदैन । मार्क्सवादी सिद्धान्तमा दख्खल प्राप्त गर्नु र त्यसलाई लागु गर्नु जरुरी छ । सिद्धान्तलाई व्यवहारसित गाँस्नुपर्छ भन्ने मान्यता चिनियाँ नेता माओत्सेतुङको हो ।

चीनबाट साम्राज्यवादलाई धपाएर पठाउन, मुलुकभर क्रान्तिको ज्योति फैलाउन, क्रान्तिकारी युद्धमा व्यापक जनतालाई सञ्चालन गर्न, युद्धद्वारा साम्राज्यवाद र क्वामिनताङ सरकार पल्टाउन चिनियाँ नेता माओत्सेतुङले उल्लेखनीय नेतृत्व प्रदान गरेका थिए । किसानहरूको सङ्घर्षको नेतृत्व गर्नुपर्छ, उनीहरूमा जमिन वितरण गर्नुपर्छ, उनीहरूको श्रम उत्साहलाई बढाउनुपर्छ, कृषि उत्पादनमा वृद्धि गर्नुपर्छ र मजदुरहरूको हितको रक्षा गर्नुपर्छ भनी उनी निरन्तर लागिपरे ।

मुलुकको सबै भागमा कम्युनिस्टको सिद्धान्त र विचार प्रचार गरी क्रान्तिको प्रसार गर्ने काममा चिनियाँ कम्युनिस्ट पार्टी अघि बढ्यो र त्यसको नेतृत्व माओ त्सेतुङले गरे ।

आफ्नो मातृभूमिको रक्षा गर्न आक्रमणकारीसँग नलडी हुन्न भनी माओ त्सेतुङले जनमत तयार गरे । कम्युनिस्टहरू अन्तर्राष्ट्रवादी भएको हुँदा कुनै देशले अरू स्वाधीन र सार्वभौम देशमाथि गर्ने आक्रमणको निन्दा गर्नु स्वाभाविक हो । चिनियाँ कम्युनिस्ट पार्टीले जापानी आक्रमण र फासीवादी हिटलरको विरोध गऱ्यो । कुनै पनि परिस्थितिमा कम्युनिस्ट पार्टीले आफ्नो व्यक्तिगत स्वार्थलाई महत्व दिँदैन । पार्टीको आफ्नो स्वार्थ भनेको देश र जनसमूहसित सम्बन्धित हुन्छ ।

चिनियाँ कम्युनिस्ट पार्टीले अराजकतावादी र दुःसाहसवादी नीतिको विरोध गऱ्यो । साम्राज्यवादी देश जापानको विरोधमा चिनियाँ कम्युनिस्ट पार्टीले देशभक्त, स्वतन्त्रता र न्यायप्रेमी जनतासँग मिली गृहयुद्ध छोडेर सशक्त सङ्घर्ष गऱ्यो । मुख्य दुश्मनसँग लड्न देशका स-साना शत्रुहरूसँग मिल्नु पर्ने बाटो लियो र सोही नीति अनुसार साम्राज्यवादी देश जापानको विरोध गर्न माओ त्सेतुङ अघि बढे । चिनियाँ कम्युनिस्ट पार्टीले समाजवादी र पुँजीवादीको भेदबारे जनतालाई सुसूचित पार्ने काम गऱ्यो ।

हुनान किसान आन्दोलन सामन्त, पुँजीपतिवर्ग विरुद्धको आन्दोलन थियो भने सांस्कृतिक आन्दोलन जनतालाई सङ्गठित र सुसूचित गर्ने आन्दोलन थियो । जनताको दुःख, सुख बुझ्न, जनताबिच भिज्न र जनताको सेवा गर्न चिनियाँ कम्युनिस्ट पार्टी अघि बढेको थियो । त्यसैको परिणाम चीन ऋणमुक्त देश बन्यो र गरिबमुक्त देश बन्यो । यस कार्यमा माओत्सेतुङको महत्वपूर्ण योगदान रह्यो ।

नेता माओ त्सेतुङले पार्टीभित्रको कमी कमजोरी औंल्याउन आलोचना र आत्मआलोचना गर्नुपर्ने नीति तय गरे । क्रान्तिकारी पार्टी र क्रान्तिकारी विचारबिना क्रान्तिकारी नेता र कार्यकर्ता तयार नहुने विचार चिनियाँ कम्युनिस्ट पार्टीले अघि सार्‍यो । सत्य र तथ्यको आधारमा काम गर्न प्रेरणा दिने काम भयो । सिद्धान्तलाई क्रान्तिकारी व्यवहारसित जोड्नुपर्ने कुरा उठाइयो ।

गल्ती र असफलताबाट पाठ सिकेर अघि बढ्नमा जोड दिइयो । कम्युनिस्टहरू सबभन्दा बढी दूरदर्शी हुनुपर्छ, सबभन्दा बढी दृढ हुनुपर्छ; बहुसंख्यक जनतामाथि भर पर्नुपर्छ र कम्युनिस्ट पार्टीले आफ्ना गल्तीहरू सुधारेर अघि बढ्नुपर्छ भन्ने मान्यता कम्युनिस्ट पार्टीले अघि सारेको थियो ।

कुनै पनि दल या नेता क्रान्तिकारी हो वा होइन त्यसलाई जाँच्ने कसी ऊ व्यापक रुपमा श्रमजिवी मजदुर, किसान जनतासित एकाकार गर्न चाहन्छ या चाहँदैन, यसलाई व्यवहारमा लागु गर्छ वा गर्दैन भन्ने हो ।

चिनियाँ नेता माओत्सेतुङबाट नेपालका कम्युनिष्ट भन्ने नेता कार्यकर्ताहरुले सिक्ने पाठ यही हो । यदी माओको सिकाईलाई आत्मसात नगर्ने, पार्टी संगठनलाई आफ्नो पेवा ठान्ने, एकल ढंगले चल्ने र साङ्गठानिक अराजकतालाई निम्त्याउनेहरु कार्यकर्ताका बीचमा सही नेता कहलिंदैनन् । उनीहरु श्रमजिवीको भन्दा पनि सामन्त तथा काला व्यापारीहरुको प्यारो बनिरहनेछन् ।

# घटनामा संलग्नलाई कारबाहीको माग


अखिल नेपाल महिला संघ जिल्ला कमिटी
सिन्धुली
मिति: २०८०।०९।११

प्रेस विज्ञप्ति

अखिल नेपाल महिला संघले स्थापना कालदेखि महिला हक, अधिकार र महिला मुक्तिका लागि निरन्तर आवाज उठाउँदै आएको कुरा सर्वबिदितै छ। नेपालको सामाजिक, आर्थिक, राजनैतिक र मानव अधिकारको क्षेत्रमा काम गर्दै आएको यो संगठनले हालै सिन्धुली जिल्लाको कमलामाई नगरपालिका वडा नम्बर ४ ढकालगाउँ स्थायी ठेगाना भएकी वर्ष ३७ की सारदा थापालाई ४ दिनसम्म शरिर बन्धक बनाई बिजुलीको पोल र घरको खाँबोमा बाँधेर निरन्तर मरणासन्न हुने गरी निर्घात कुटपिट गरी महिला अधिकार र मानव अधिकार साथै संविधानको धार ३८ मा व्यवस्था भएको महिलाको हकको उलंघन गर्दै शक्तिको आडमा एकजना महिलामाथि सात जना पुरुष लगायत समुदायका अन्य व्यक्तिहरुको समेत संलग्नतामा यस्तो निन्दनीय कार्य हुँदा पनि नागरिक समाज, स्थानीय सरकार मुकदर्शक भई बसेको अवस्थामा अखिल नेपाल महिला संघ सिन्धुलीको ध्यानाकर्षण भएको छ। यस्तो अमानवीय तथा आपराधिक घटनाप्रति अखिल नेपाल महिला संघ घोरभर्त्सना गर्दै दोषीमाथि निश्पक्ष छानबिन र कडा कार्बाहीको माग गर्दै पीडितको मानव अधिकारको रक्षा र न्यायको लागि सारोकारवाल निकाय संग निरन्तर खबरदारी गर्दछ।

पार्वती भट्टराई
अध्यक्ष
अनेमसंघ जिल्ला कमिटी
सिन्धुली।

**सिन्धुली**/ नेकपा एमाले सम्बद्ध अखिल नेपाल महिला संघ सिन्धुली ले महिलालाई बन्धक बनाई कुटपिट गर्नेहरूलाई कानुनी कारबाही गर्न माग गरेको छ। एक प्रेस विज्ञप्ति जारी गर्दै अमानवीय तथा आपराधिक घटनामा संलग्न लाई कारबाहीको माग गरेको हो।
जिल्ला अध्यक्ष पार्वती भट्टराईले जारी गरेको विज्ञप्तिमा कमलामाई नगरपालिका ४ ढकालगाँउकी ३७ बर्षिया शारदा थापालाई ४ दिनसम्म शरीर बन्धक बनाई बिजुलीको पोल र घरको खाँबोमा बाँधेर निरन्तर मरणासन्न हुने गरी निर्घात कुटपिट गरेको घटनाले संगठन मर्माहत भएको जनाउँदै कानूनलाई हातमा लिने कार्यलाई कुनै पनि सर्तमा स्वीकार गर्न नसकिने जनाएको छ।
बहिलालाई बन्धक बनाउँदै ज्यानलिनेगरी गरिएको घटनाले महिलाको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको गंभीर उलंघन भएको बताउँदै अनेमसंले बन्धक र यातनाबाट महिला अधिकार र मानव अधिकार साथै संविधानको धार ३८ मा व्यवस्था विरुद्ध भएको भनेको छ।
राज्यसत्ताको गरिएको महिला मथिको चरम यातना र दुर्व्यवहार को घटनाले सिंगो सिन्धुलीको बद्नाम गराएको र महिला मुक्ति आन्दोलनमा लागेकाहरुको शिर निहुराएको अनेमसंघले बताएको छ।
सात जना पुरुष लगायत समुदायका अन्य व्यक्तिहरूको समेत संलग्नतामा निन्दनीय कार्य हुँदा पनि नागरिक समाज, स्थानीय सरकार मूकदर्शक भई बसेको भन्दै अखिल नेपाल महिला संघ सिन्धुलीले निर्भिक भएर कानूनी उपचारको लागि कार्यहरु गर्न सरोकारवालाको ध्यानाकर्षण गराएको जनाएको छ।
एमाले जिल्ला कार्यालयमा आयोजित एक कार्यक्रममा अध्यक्ष भट्टराईले जिल्लामा कहालीलाग्दो घटना घटिरहँदा जिल्ला पार्टी नेतृत्व र महिला संघ संगठनहरु मुकदर्शक बनिरहेको बताएकी थिइन्।

# गोलन्जोरमा न्यानो कपडा बितरण

**सिन्धुली**/ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन गोलन्जोर गाउँपालिका कमिटीले विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको छ।
गोलन्जोर गाउँपालिका ४ मा रहेको सरस्वती आधारभूत विद्यालय लामिडाँडामा अध्ययनरत विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरिएको हो।
विपन्न परिवारका बालबालिका विद्यालयमा अध्ययनरत रहेको र उनीहरूलाई न्यानो कपडा वितरण गरिएको अनेरास्ववियु गोलन्जोरका अध्यक्ष हिरा मगरले जानकारी दिए। विभिन्न व्यक्तिहरूबाट सहयोग संकलन गरी बालबालिकालाई न्यानो कपडा वितरण गरिएको उनको भनाई थियो।
अनेरास्ववियुले बाल विकास कक्षाका ५ जना, कक्षा १ का ७ जना, कक्षा २ का ५ जना, कक्षा ३ र कक्षा ४ का एक/एक जना गरी १९ जनालाई न्यानो कपडा वितरण गरेको जनाएको छ।
विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी, अनेरास्ववियु जिल्ला अध्यक्ष प्रशान्त लुंगेली, उपाध्यक्ष ललित रजन मगर, सह-सचिव शरद बराल, एमालेका नेता लालबहादुर श्रेष्ठ लगाएको उपस्थिति रहेको थियो।
आफ्नो जन्म दिनको अवसरमा ललित रजन मगरको विशेष सहयोग तथा अनेरास्ववियु बागमती प्रदेश अध्यक्ष लाल बहादुर बुढाथोकी, अनेरास्ववियुका पार्वती दाहाल, प्रशान्त लुंगेली, हिरा मगर, अभिषेक मगर, शरद बराल, गणेश काफ्ले, सुनिल पौडेल , बद्री गौतम, दीपक थापा, नमुना चालिसेको आर्थिक सहयोगमा न्यानो कपडा वितरण गरिएको हो।
अनेरास्ववियु जिल्ला अध्यक्ष प्रशान्त लुंगेलीले गरिब तथा जेहेन्दार विद्यार्थीको अभावमा अनेरास्ववियु पनि सहभागी भएको बताए।
उनले विपन्न समुदायका बालबालिकालाई सहयोग गरेको मा गोलन्जो अखिल कमिटीलाई धन्यवाद दिए। अखिल विद्यार्थीका हरेक समस्यामा हातेमालो गर्दै अघि बढ्ने संगठन भएकाले भोलिका दिनमा पनि अखिल विद्यार्थीका सुख दुःख सँगै हुने दाबी गरे।

# विद्यार्थीनैं क्याम्पस प्रमुख



**सिन्धुली**/ कमलामाई नगर पालिका-४ दुम्रेबासमा अवस्थित सिन्धुली बहुमुखी क्याम्पसको प्रमुखमा भानुभक्त गुरुङ नियुक्त भएसँगै सिन्धुलीको शिक्षा क्षेत्रमा सकारात्मक सन्देशको सञ्चार भएको छ। गुरुङलाई क्याम्पस व्यवस्थापन समितिको बैठकले क्याम्पस प्रमुखमा नियुक्त गरे पछि सिन्धुलीमा पहिलो पटक सकारात्मक सन्देशको सञ्चार भएको हो।
सोही क्याम्पसमा अध्ययन गरेर तीन वर्षदेखि सहायक क्याम्पस प्रमुखको जिम्मेवारी सम्हाल्दै आएका उनले २०६६ मंसिर १ गते देखि अध्यापन सुरु गरेका थिए। त्यतिबेला गुरुङ नेपाली विषयको विभागीय प्रमुख थिए।
क्याम्पस व्यवस्थापन समितिको अध्यक्षसमेत रहेका कमलामाई नगरपालिकाका प्रमुख उपेन्द्र कुमार पोखेल र पूर्व मन्त्री प्रदीप कट्वालले अन्य आकांक्षी शिक्षकहरुको सहमतिमै गुरुङलाई क्याम्पस प्रमुख नियुक्त गरेको जनाएका थिए।
'क्याम्पसमा अध्यापन गराउँदै आएका शिक्षकहरु र प्रमुखका आकांक्षीहरुले उनलाई प्रमुख बनाउन सहमति जनाएका हुन्। सहायक क्याम्पस प्रमुखसमेत बनिसकेका उनी प्रमुखका लागि योग्य व्यक्ति मानिन्छन्।
योग्यताको हिसाबले पनि उनलाई क्याम्पस प्रमुखमा नियुक्त गर्ने निर्णय गरिएको हो,' एमाले नेता प्रदीप कट्वालले सन्देश जनप्रिय सँग भने।
सिन्धुली बहुमुखी क्याम्पससँग नवनियुक्त क्याम्पस प्रमुख गुरुङको साइनो २०५७ सालमै जोडिएको थियो। उनी कक्षा ११ को विद्यार्थीको रुपमा क्याम्पसमा भर्ना भएका थिए। गोलन्जोर निवासी उनी पढाइमा अब्बल उहाँ कक्षा ११ र १२ मा क्याम्पस टपरनैं बनेका थिए। त्यसपछि स्नातक तहको पढाइ पनि उनले सोही क्याम्पसबाट पूरा गरेका हुन्।
विद्यार्थीको रुपमा क्याम्पससँग जोडिएको उनको सम्बन्ध २०६६ मंसिर १ गतेबाट शिक्षक हुँदै क्याम्पस प्रमुखसम्म अगाडि बढेको छ। नेपाली विषयको विभागीय प्रमुख, आठ वर्ष शिक्षण अभ्यास कार्यक्रम प्रमुख र तीन वर्ष सहायक क्याम्पस प्रमुखको अनुभवी उनको नेतृत्वमा क्याम्पसले नयाँ गति लिने अपेक्षा गरिएको छ।
नवनियुक्त प्रमुख गुरुङले क्याम्पसको शैक्षिक गुणस्तरमा सुधार ल्याउने र क्याम्पसलाई आर्थिक रुपमा समृद्ध बनाउने योजना सुनाए। 'शैक्षिक गुणस्तर र शैक्षिक गतिविधिमा सुधार ल्याउँदै विद्यार्थी संख्या बढाउने, आर्थिक पारदर्शिता कायम गर्ने र क्याम्पसलाई आर्थिक रुपमा समृद्ध बनाउन काम गर्नेछु,' उनले भने।
क्याम्पसको बारेमा बाहिर आएका नकारात्मक कुराहरुलाई चिर्न पहल गर्ने उनको भनाइ थियो। 'अहिले क्याम्पसको बारेमा जुन भ्रम सिर्जना गरिएको छ, सबै मिलेर त्यसलाई चिर्नुपर्छ। यसका लागि अभियान चलाउँछु,' गुरुङले अगाडि भने।
त्रिभुवन विश्वविद्यालय र राष्ट्रिय परीक्षा बोर्डबाट सम्बन्धन प्राप्त यस क्याम्पसमा कक्षा ११ देखि स्नातकोत्तर तहसम्मको पढाइ सञ्चालन हुँदै आएको छ।

-पवन राउतबाट

# लेखा समूहको अध्यक्षमा मगर




**सिन्धुली**/ लेखा समूह सिन्धुलीको पहिलो साधारण सभा तथा अधिवेशनले पदम बहादुर मगरको अध्यक्षतामा नौ सदस्यीय नयाँ कार्य समिति चयन गरेको छ।
समितिको उपाध्यक्षमा राजनप्रसाद काफ्ले, सचिवमा डिल्ली सौगात घिमिरे, सह-सचिवमा राजेन्द्रकुमार गजुरेल, कोषाध्यक्षमा प्रभुराम सुनुवार चयन हुनु भएको छ।
सदस्यहरूमा कल्पना भण्डारी, मनु श्रेष्ठ, गंगा मगर र लोकबहादुर नेपाली चयन भएको सचिव डिल्ली सौगात घिमिरेले जानकारी दिए।
लेखा समूह सिन्धुलीका संरक्षक एवं प्रमुख कोष नियन्त्रक हिरालाल भण्डारीको प्रमुख आतिथ्यमा साधारण सभा सम्पन्न भएको हो। जिल्लामा आर्थिक प्रशासनको क्षेत्रमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूमात्रै यो समूहमा आबद्ध रहेका छन्।










जिल्लामा रहेका पर्यटकीय तथा ऐतिहासिक क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन गरौं। - जिल्ला समन्वय समिति, सिन्धुली

# मरिण महोत्सवमा जमेको साहित्य



निकै ठूलो तामझाम र प्रचार वाजीका साथ थालिएको मरिण महोत्सव सकिएको छ तर प्रचार गरिएजस्तो नाफामूलक नरहेको आयोजकहरुले जनाएका छन् । हामीले राम्रै आम्दानी हुने अपेक्षा गरेका थियौं तर त्यस्तो अवस्था आएन, अलिअलि उठेको रकम पनि सिमापारी गयो, आयोजक मध्येका एक सदस्यले सन्देश जनप्रियसँग भने । आयोजक र स्थानीय व्यवसायिलाई महोत्सवले खासै फाइदा नदिएपनि साहित्य क्षेत्रमा लागेकाहरुलाई भने यसले राम्रै प्लेटफर्म बनाईदियो ।

यहि पुस ६ गतेबाट सिन्धुलीमा सन्चालित चौथौ मरिण महोत्सवमा भने साहित्यिक रचना वाचन तथा भेटघाट कार्यक्रम गर्ने राम्रो अबसर बन्यो । प्राय यस्ता महोत्सवहरुमा साहित्यिक कार्यक्रमहरुलाई महत्व दिएको पाइदैनथ्यो ।

जिल्लामै गरिने महोत्सवमा पनि साहित्यिक पाटोलाई समेटेर गतिविधि समावेश गरिएको थिएन । तर मरिण महोत्सवमा भने साहित्यिक कार्यक्रमलाई समेटेर आयोजकले पोखरामा हुने महोत्सव कार्यक्रमलाई स्मरण गराएकाछन् ।

उक्त कार्यक्रममा कथाकार तथा महाकाव्यकार भोजराज ढकालको कथा संग्रह "मरिण माहात्म्य" बिमोचन गरिएको छ । सिन्धुली उद्योग वाणिज्य संघ मरिण शाखाका अध्यक्ष चिनध्वज बम्जनको अध्यक्षता तथा मरिण गाउँपालिका प्रमुख बिमर्श मोक्तानको प्रमुख आतिथ्यतामा गरिएको कार्यक्रममा विभिन्न साहित्यिक संस्था र साहित्यकारहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा कविहरु राम गोपाल आशुतोष, प्रोल्लास सिन्धुलीय, प्रेमिल राई, सन्जित फलाना, उत्तम तुम्सा लिम्बू, प्रेम घिमिरे, भोजराज ढकाल, तुलसी ढकाल, शम्भु गजुरेल, मानध्वज ब्लोन, पवन पाख्रीन, बरुण लामिछाने, खडानन्द तिमल्सिना, नन्दलाल श्रेष्ठ, अमृत पाख्रीन, केदर प्रसाद देबकोटा, धनमाया राई, देबि घिमिरे, अस्मिता दाहाल, लोकेन्द्र डहरे, बिर्ख वाइबा, केदार प्रसाद फुँयाल, बिन्दा घिमिरे, याम चन्द्र अर्याल, रुपक जमरा, कपिल थापा, केशब घिमिरेले लगायतले आ-आफ्ना रचना वाचन गर्नुभएको थियो ।

मरिण साहित्य समाजका अध्यक्ष बाबुराम श्रेष्ठ "यात्री"को समन्वयमा कार्यक्रम गरिएको हो । स्मरणीय छः यात्री मरिणका स्थानीय वासिन्दा हुन् ।

# युवराज कंडेलको एकादेशको कथा

कथा धेरै पहिलोको होइन । एका देशमा यौटा 'देश' थियो । देश धनी थिएन तर सन्तुष्ट थियो । जनताहरू मेहनती थिए । आफ्नै श्रम पसिना खर्चन्थे । आफ्नै मेहनत र बुद्धिले काम गर्थे, कमाउँथे र रमाउँथे पनि । एकादेशका ती जनताले काम गर्न पटक्कै पछि सर्दैनथे । एउटालाई दुःख पर्दा अकाले सहयोग गर्थ्यो, एउटा खुशी हुँदा अर्को रमाएर बाँच्दथ्यो । समाजमा मेलमिलाप थियो, शान्ति थियो । चोर डाँकाहरू थिएनन् त्यसैले रातिको समयमा पनि ढोका खुल्ला राखेर ढुक्कसँग त्यहाँका जनताहरू सुत्थे ।

टुकीको उज्यालोमा विद्यार्थीहरू पाठ घोक्थे, झ्याउरेको तालमा ठिटाहरू मादल ठोक्थे । खेतहरूमा लहलहाउँदा बाली झुल्थे । जङ्गल हराभरा हुन्थ्यो र जङ्गलमा जीवजन्तुहरू निर्विघ्नताका साथ डुल्थे । बिहान साँझ चराहरूको चिरबिर र धर्मशास्त्रहरूका मन्त्रहरू सुनिन्थ्यो । बसुधैव कुटुम्बमलाई त्यहाँका मानिसहरूले मूल मन्त्र बनाएका थिए त्यसैले सबै सुखी थिए, सम्पन्न नभए पनि अभावग्रस्त थिएनन् ।

एक्कासि एक हुल मान्छेहरू एकादेशमा आइपुगे । एकादेशको अवस्था देखेर उनीहरू आश्चर्य चकित भए । जनताहरूले गर्ने मेहनतलाई उनीहरूले पागलपनको संज्ञा दिए । शान्तिपूर्ण समाजलाई अन्धकार युगको उपमा दिए । सारा देशलाई नै पागलहरूको बस्ती भनेर ती मान्छेहरूले घोषणा गरिदिए । पागलहरूको उपचार गर्न देशमा थुप्रै अरू मान्छेहरू पनि भित्रिए । कसैले जनतालाई करेन्टको झट्का दिई दिई उपचार गर्न थाले । कसैले एकादेशको पुनर्निर्माण गर्न भनी नयाँ नक्सा कोर्न थाले । ती मान्छेहरूले कोदालो छोडेर झण्डा बोक्न सिकाए, मै खाऊँ मै लाऊँ भन्ने मन्त्र घोक्न सिकाए । एकताको नाममा जनताहरू जात, धर्म, भाषा, लिङ्ग र आस्थाको आधारमा बाँडिए . विकासको नाममा अमूल्य वन जङ्गलहरू फाँडिए । देश सिँगार्न भनेर विदेशबाट थोत्रा र कमसल सामान ल्याइयो । देशका उद्योगधन्दा बन्द गरियो । जताततै नोकरीमा आफ्ना चाकडीवाजहरू भरियो । एकादेशको विकास र आधुनिकीकरणको निम्ति भनेर विदेशीहरूले "करोडौं डलर बराबरको ऋण सहयोग गरे । आधुनिक बन्न पाइने भने भनेर जनताहरू मख्ख परे अनि आफ्नो काम, धर्म र मर्म छोडेर आगन्तुक मान्छेको शरणमा परे ।

० ० ० ०

**र परिणती-**

जनताहरू आपसमा खुट्टा तानातान गर्न थाले । आगन्तुक मान्छेहरू मोटाउँदै गए अनि जनताहरू अभावमा मरिरहे । काम नगरी खान खोज्ने प्रवृत्ति बढ्यो, मेहनत गर्ने बानी घट्यो । देशमा विदेशीहरूको चलखेल बढ्दै गयो । देश भित्रै जनताहरू दास बन्न थाले । स्वदेशी उद्योग धन्दा बन्द भए । सरकारले सहयोग गर्न छोडेकोले कृषि उत्पादनमा ह्रास आयो । देशभरि हत्या, हिंसा, आतङ्क, गरिबी र महँगी बढ्दै गयो । जनतालाई लडाएर आगन्तुकहरू मस्तसँग कुर्सीमा निदाइरहे । अभाव ग्रस्त जनताले बाँच्न पाउने पुकार गरे । आगन्तुकहरूले उनीहरूको कुरा सुनेनन् । त्यसैबीच कसैले जनतालाई बन्दुक थमाइदियो । बन्दुक पड्कन थाले । जनताले जनतालाई मार्न थाले । स्कुल, अस्पताल, कार्यालय बन्दै गए, पुल, टेलिफोन टावर ढल्दै गए । जताततै बम र बन्दुकका आवाज सुनिन लाग्यो । बाटोघाटोमा एम्बुस पड्कन लागे । बलिया नाङ्गाहरू देश छोडेर भागे, भाग्न नसक्ने बन्दुकको पछि लागे । देशभरि शान्ति सुरक्षा कतै भएन, मर्ने बाँच्ने ठेगाने भएन । अनि एकादेशको त्यो देश साँच्चै नै पागलहरूको देश भयो ।

र एकादेश ठ्याक्कै त्यस्तै भयो, जस्तो अहिले हाम्रो नेपाल छ यो ।

# सातावको कविता

## मेरो देश

प्रितम खड्का

सार्वभौमिकता, राष्ट्रिय एकता, अक्षुण्ण स्वाधीनता
गणतन्त्र आयो स्व-शासन गरी खुसी छन् जनता
भौगोलिक रुपमा अखण्ड नेपाल सार्वभौम लोकतन्त्र
सामाजिक न्याय समता समाज निर्माणमा संकल्प

इतिहास रचे ती वीर पूर्खा सलाम सहिदलाई
यो देशको गौरव बढाउनुपर्छ मिलेर दाजुभाइ
नेपाली माटो निधारमा दली सुगन्ध लिएर
देशको विकास गर्नु छ आफ्नो पसिना दिएर

च्यापेर काखी कस्तुरी डाँफे हिमाल हाँस्दछ
बगाई झरना, छाँगा(छहरा, पहाड नाच्दछ
बहुल जाति भाषा र धर्म आआफ्नै परिवेश
स्वर्गको आभास गराउन सक्ने विश्वमै मेरो देश

सगरमाथा शिरपोश लगाई फेवामा हेर्दछ
तराईभूमि पहेँलपुर भई बयेली खेल्दछ
इन्द्रेनी जस्तै सुन्दरता छर्ने भाषा र भेष मेरो
धर्म र भाषा संस्कृति विविध स्वर्गीय देश मेरो

भारा र पर्म ऐँचो र पैंचो सहिष्णुतामा रमाउँछौ
महाकाली लडे मेचीले रुँदै दुवै हात समाउँछौँ
होस्टेमा हैँसे गर्ने छ बानी लाग्दैन कोहीलाई ठेस
प्रकृतिको नै अजस्र उपहार विश्वमै मेरो देश

रोदी र झ्याउरे मारुनी अनि हाक्पारे मेरै हो
उधौली ल्होसार छठ र तिहार होली नि मेरै हो
पहेँलपुर तराई, हरियो पहाड हिमालको सेतो केश
भृकुटी सीता पुर्खाको योगदान बिर्सन्न मेरो देश

गुल्मीको कफी पाल्पाको ढाका सुन्तला पोखरेली
हर्षोल्लास हुन्न इलामको चिया बगानमा नखेली
ट्रेकिङ बन्जी प्याराग्लाइडिङ साङ्किलिङ रमाउन
कुरिरहेछन् रारा र फेवा मितेरी लगाउन

प्रशव पीडा बोकेर धरती छटपटाइरहेको
आउ युवा बगाउँ पसिना भन्दै विकास खोजेको
ईर्ष्या र द्वेष हटाई सारा प्रेमको गीत गाउँ
होस्टेमा हैँसे मिलाउँ अनि देश अघि बढाउँ

हे युवा जाग नेपाली भूमि फलाउन फुलाउन
वन र पाखा हिमाली काखा पर्यटक डुलाउन
बद्धले शान्ति छरेको देश ऋषिको तपोवन
अध्यात्म ज्ञान, सौन्दर्य जादु फुरुङ्ग पार्छ मन ।

## गजल: आँखा हुन्छ

सौन्दर्यको मूल्य तबसम्म हुन्छ जब आँखा हुन्छ
जहाँ कुवा हुन्छ हिम चुचुरा हुन्छ तथा पाखा हुन्छ

चुम्बन नै प्रेमको डोरी हो सम्बन्धलाई बाँधी राख्ने
त्यसपछि बाटो खुल्छ बिच-बिचमा ती साखा हुन्छ

पहिल्यै जिलेफी खाए खानाको स्वाद बेकार हुन्छ
लड्डु, पेडा, लालमोहन पछि खाँदा खाखा हुन्छ

माया दुई आत्माको मिलन या सम्मानलाई भनिन्छ
आजकाल फुटबल जस्तो भो थालीमा माखा हुन्छ

इमानदारी, नैतिकताको जमाना गयो पैसाको भयो
लुट, कमाउ, जसरी पनि नत्र अर्को कुनै काखाँ हुन्छ

बालकृष्ण गजुरेल







# बेइजिङले निस्तेज पारेको अमेरिकी जासुसी षडयन्त्र

**एजेन्सी/** भर्खरैको मिडिया रिपोर्टले देखाएको छ कि बेइजिङले चीन भित्र "अत्यन्तै जटिल (अमेरिकी) जासुसी कार्यहरू" गर्ने षडयन्त्रलाई बिफल पारिदिएको छ। अमेरिकाले चिन भित्र गोप्य रुपमा गरेको जासुसी कार्यलाई निस्तेज गर्ने वाचा पनि गरेको छ।



दि वाल स्ट्रिट जर्नलले प्रकाशन गरेको रिपोर्टले यस तथ्यलाई प्रकाश पार्छ कि जासुसी अपरेशनहरू, जसमा संयुक्त राज्य अमेरिका प्रायः संलग्न रहन्छ। अमेरिकाले जासुसीका लागि ती देशहरुमा धेरै लगानी गरेको छ।

जब विश्वमा जासुसीको कुरा उठ्ने गर्छ, त्यस बेला अमेरिका पहिलो स्थानमा आउने गर्छ। यो सामान्य ज्ञान हो। चीन र रुसदेखि लिएर जर्मनीका पूर्व चान्सलर एन्जेला मर्केल र केही फ्रान्सेली राष्ट्रपतिहरू र संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससम्म अमेरिकी चासुसीको शिकार बनेको तथ्य निकै लामो छ। अमेरिकी ट्यापिङ र निगरानीको शिकार जो पनि हुन सक्छन्, चाहे उनीहरूलाई मित्र वा शत्रु किन नमानियोस्।

प्रिज्म एरिटेण्ट हर्न सेल्टर विण्ड विभिपी ४७ हिभ र अन्य निगरानी कार्यक्रमहरूको सम्पूर्ण योजनाको साथ अमेरिकाले विश्वव्यापी प्रभुत्वको निरन्तर खोजीमा एक जटिल विश्वव्यापी निगरानी नेटवर्क बुनेको छ।

हुनसक्छ प्रमाणको सबैभन्दा महत्वपूर्ण टुक्राहरू मध्ये एक चीनको विरुद्धको कट्टरपन्थी विच-हन्ट हो, जुन वास्तवमा कुनै आश्चर्यको रूपमा आउँदैन। जर्नलले उल्लेख गरेझैं चीन नयाँ प्रविधिमा भएको प्रगति र प्रयोगका कारण एक दशक अघिको भन्दा धेरै कडा खुफिया लक्ष्य राख्न र अमेरिकी जासुसीको प्रतिरोध गर्न सक्षम बनिरहेको उल्लेख गरिएको छ। वास्तवमा, अमेरिकाले धेरै चिनियाँ उच्च-प्रविधि कम्पनी हरूलाई स्पष्ट रूपमा दमन गरेको छ किनभने तिनीहरू अमेरिकाको विश्वव्यापी निगरानी सञ्चालनमा अवरोध पुऱ्याउनका लागि काँडा हुन्। उदाहरणका लागि, अमेरिकाले तथाकथित "मानवअधिकार उलंघन सम्बन्धी चिन्ताहरू" लाई उद्धृत गर्दै हिकभिजनका उत्पादनहरू प्रतिबन्ध लगाएको छ, तर चिनियाँ विद्युतीय उपकरण निर्माता विरुद्ध गरिएको जासुसीलाई सहजै प्रतिरोध गरेको तथ्यहरुले देखाएको छ।

लामो समयदेखि, अमेरिकाले विश्वमा आफ्नै प्राविधिक रूपमा उच्च-स्तरीय साइबर जासूसी गतिविधिहरूलाई तिब्र रुपमा अगाडि बढाइरहेको छ। तर अब अमेरिकीहरुले सैन्य ह्याकर हरूका सेनालाई कम्तिमा चीनको माटोमा प्रभावहीन बनाई दिएको देख्न पाउनेछ।

चीनले एक दशक अघि अमेरिकी मानव जासुस नेटवर्कलाई आफ्नो माटोमा धुलिसाफ पारिदियो तर अहिले पनि अमेरिका चीनमा आफ्नो मानव जासुसी क्षमताहरू पुनः निर्माण गर्न अझै संघर्ष गरिरहेको छ। सन २०२० पछि एक रिपोर्टलाई गति दिँदै अमेरिकाले "मध्य पूर्व सहित आतंकवाद विरोधी र अन्य लक्ष्यहरूमा खर्च कटौती गरेको छ, चीनको सरकार प्रवेश गर्न विस्तारित कार्यक्रमहरूलाई भने निरन्तरता दिन कोष खडा गरिएको भन्दै जर्नलले रिपोर्ट गरेको छ।

चाइना डेलीको अनलाईन संस्करणले चीनमा अमेरिकी गुप्तर निकायको यस्तो पराजय पक्कै पनि अमेरिकी गुप्त साइबर जासूसीबाट प्रताडित हरूका लागि राम्रो समाचार भएको जनाएको छ।

चीनले आफ्नो सार्वभौमसत्ता, सुरक्षा, विकास एवम् राष्ट्रिहितको रक्षा गर्दै आधुनिक प्रविधिको निरन्तर सुधार गर्दै आएको छ। अमेरिकाको बलियो जासुसी धक्काले साम्राज्यवादी धम्कीलाई नमान्ने र आफ्नै अधिकार र हितको रक्षा गर्ने चीनको संकल्प यात्रालाई अझ बलियो र विश्वाशिलो बनाउनेछ।

अमेरिकाको गलत कार्यहरू विरुद्धको आफ्नो पछिल्लो कदममा, चीनले मंगलबारमात्रै अमेरिकी गुप्तचर डाटा कम्पनी खारोनको विरुद्ध प्रतिकार गर्ने आफ्नो निर्णयको घोषणा गरेको थियो।

लामो समयदेखि सिनजियाङ प्रान्त सँग सम्बन्धित अमेरिकी गुप्तचर निकायले गरेको संवेदनशील जानकारीहरु चिनियाँ सुरक्षा अधिकारीहरुले संकलन गरेपछि सिनजियाङमा अमेरिकाको अवैध प्रतिबन्धका लागि तथाकथित "प्रमाण" सहित दुई व्यक्तिलाई पक्राउ परेको बिबरणमा उल्लेख छ।

जासुसी मार्फत आफ्नो विश्वव्यापी वर्चस्व कायम गर्ने अमेरिकाको साइवर अपराध एक व्यर्थ प्रयास हो।

यदि यो गलत बाटोमा जारी रह्यो भने, संयुक्त राज्य अमेरिकाले अन्य देशहरूबाट थप आक्रोश मात्र निकाल्नेछ र आफूलाई अन्तर्राष्ट्रिय समुदायबाट अझ अलग पार्नेछ। किनकी साइवर अपराध प्रकरणले न्यायमा प्रचुर मात्रामा समर्थन पाउँछ जबकि अन्यायीले थोरै।

# रसियाली सेनालाई नायकको संज्ञा



**एजेन्सी/** युक्रेनसँगको द्वन्द्वमा अग्रपंक्तिमा लडिरहेका रुसी सेना हरूलाई राष्ट्रपति भ्लादिमिर पुटिनले नायकको संज्ञा दिएका छन्। नयाँ वर्ष २०२३ को उपलक्ष्यमा रसियाली जनतालाई गरेको सम्बोधनमा पुटिनले सेनालाई नायक भन्दै उच्च सम्मान गरेको घोषणा गरे। उनले गत वर्ष राष्ट्रले ठूलो उपलब्धि हासिल गरेको बताउँदै आफ्नो हित र मूल्यमान्यताको रक्षाका लागि रसियाली सेना विश्वमैं बलियो सेनाको रुपमा उभिएको बताएका थिए।

रुसी सेनाले २०२३ को मध्यमा युक्रेनी काउन्टर अफेन्सिभको विरुद्धमा बलियो सावित गरायो। झण्डै ६ महिनासम्म चलेको युद्धमा युक्रेनलाई ठूलो धक्का दिन सफल भयो।

टेलिभिजन सम्बोधनमा रसियाली नेता पुटिनले अग्रपंक्तिमा दुश्मनहरु बिरुद्ध लड्ने रसियाली सेनाको कुनै पनि कमजोरीहरु दर्ता भएन। अमेरिकी साम्राज्यवादद्धारा निर्मित भारी संख्याका सैनिक, हतियार र उपकर हरूमा रूसी सेनाको रणनीतिको प्रभावकारितालाई अझ बलियो बनाइदिएका छन्।

अमेरिका लगायत किभका समर्थक हरूले मान्यता दिएका थिए, जसले स्वीकार गरेको छ कि कुनै पनि पश्चिमी-निर्मित सेना र हतियारले रसियाली नायकहरुलाई परास्त गर्न सक्तैन, पुटिनले भनेकाछन्।

"तिमीहरू हाम्रा नायकहरू हौ," राष्ट्रपति पुटिनलेसशस्त्र सेनालाई सम्बोधन गर्दै भनेकाछन्: राष्ट्रलाई आफ्ना सेनाहरूप्रति गर्व छ, जसले "सम्पूर्ण राष्ट्रको लाखौं रूसी नागरिकहरूको इमान्दार समर्थन"को महसुस गरिरहेको छ।

पुटिनले "एकता, करुणा र लचिलो पनलाई रूसी जनताको मुख्य विशेषताहरू" को रूपमा सूचीबद्ध गरकाछन्। नयाँ वर्ष २०२३ को उपलक्ष्यमा सन्देश जारीगर्दै पुटिनले हाम्रो राष्ट्रिय हित, स्वतन्त्रता र सुरक्षा, हाम्रा मूल्यमान्यताहरू हाम्रो अटल स्तम्भ थियो र रहिरहने बताएकाछन्। राष्ट्रिय हितको रक्षा गर्न रसियाली सेना अलिकति पनि हिच्किचाउने छैन। उनले भनेकाछन्।

क्रेमलिनले रुसी सहर बेलगोरोडमा युक्रेनी आक्रमणपछि राष्ट्रपतिको सम्बोधन परिवर्तन भएको समाचार लाई अस्वीकार गरेको थियो। त्यो सत्य होइन, क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले सोमवार भने। शनिबार युक्रेनी आक्रमणमा बालबालिकासहित २४ जनाको ज्यान गएको थियो भने सयभन्दा बढी घाइते भएका थिए।

रुसी सञ्चारमाध्यमले पुटिनले चिनियाँ राष्ट्रपति सी जिनपिङसँग नयाँ वर्षको शुभकामना आदानप्रदान गरिसकेको पनि जानकारी दिएका छन्। रूसी नेता परम्परागत रूपमा डिसेम्बरमा वर्तमान र पूर्व विदेशी नेताहरूलाई छुट्टीको शुभकामना पठाउँछन्। गत हप्ता, क्रेमलिनले राष्ट्रपतिको सूचीमा को को थिए भनेर खुलासा गरेको थियो।




**डेंगी ज्वरो**
**(Dengue Fever)**

**परिचय**
डेंगी ज्वरो अरु मौसमी ज्वरो जस्तै हो। डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाइबाट मानिसमा सर्दछ।

**लामखुट्टेले टोक्ने समय**
एडिज जातको लामखुट्टेले प्राय गरेर दिनमा टोक्दछ, यद्यपी घाम उदाएको २ घण्टा पछाडी र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडी यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा थप सचेत हुनुपर्छ।

**लामखुट्टे वृद्धि विकास हुने स्थान**
एडिज लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फुल पार्दछ, खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोतल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फुलदानी, गमला, कुलर, पानीका ट्यांकी आदिमा लगायत जुनसुकै पानी जम्ने भाँडा तथा स्थानहरु जस्तै छाना, कौसी, बरन्डा, डुल, नाली, कुलो, आदिमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि विकास हुन्छ।



**लक्षणहरु**
डेंगीको मुख्य लक्षण एक्कासी उच्च ज्वरो आउनु हो, यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ, ज्वरोसँगै निम्न लक्षणहरु देखापर्छन् :
- बेस्सरी टाउको दुख्ने,
- आँखाको गेडी दुख्ने,
- हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने,
- शरीरमा विबिरा आउने,
- रिंगटा लाग्ने,
- वाकवाकि/ वान्ता हुने,

यसका साथै लगातार बान्ता हुने, बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, स्वासप्रस्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि लक्षणहरु देखापर्नु डेंगीको जटिल अवस्थामा हो।

**डेंगी ज्वरोको उपचार**
- डेंगी भाइरसबाट हुने भएकोले यसको खास उपचार छैन। यो आफै निको हुन्छ।
- उच्च ज्वरो कम गर्न पारासिटामोल खाने तर ब्रुफिन, एस्प्रिन जस्ता दुखाई कम गर्ने औषधि नखाने,
- पानी तथा झोलिलो तथा पोषिलो खाने कुरा प्रशस्त मात्रामा खाने,
- पूर्ण रुपमा आराम गर्ने।

डेंगीको जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजानु पर्दछ, डेंगी रोग भएका बालबालिका, वृद्धवृद्धा, दिर्घ रोगी र गर्भवतीहरुको विशेष ध्यान दिनु पर्छ।

**बच्ने उपाय**
डेंगी ज्वरोबाट बच्न लामखुट्टेको टोकाईबाट बच्ने :
- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पुरा बाहुला भएको पुरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने।

**लामखुट्टेको वृद्धि विकास नियन्त्रण गर्ने:**
- आफ्नो घर वरिपरी, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- दैनिक प्रयोजनको लागि राखेको पानी लामखुट्टे प्रवेश गर्न नदिने गरी ढाकेर राख्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने, त्यस्तै भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरि बिसर्जन गर्ने,

**लामखुट्टेको टोकाईबाट बच्नु नै डेंगी रोगबाट बच्ने मुख्य उपाय हो।**

यस सम्बन्धी थप जानकारीको लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहोला।

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेश, झापा**



**सन्देशमूलक सूचना !**

परम्परागत रुपमा यस जिल्लाका विभिन्न समुदायहरुले कोदो, फापर, जुनेलो, कागुनो, जौ, लट्टे, जस्ता रैथाने बालीहरुको खेती गर्दै आफ्नो जन–जीविका चलाउँदै आइरहेको सन्दर्भमा रैथाने बालीमा प्रचुर पौष्टिक तत्व उपलब्ध हुने, कम लगानी र सीमान्त जमिनमाखेती गर्न सकिने, स्थान विशेष ठाउँमा जलवायु अनुकूल बालीका रुपमा पनि लगाउन सकिने र खाद्य तथा पोषण सुरक्षा, कृषि वातावरणको विविधिकरण गरी दुर्गम क्षेत्रका समुदायहरुमा कुपोषण र गरिबी उन्मूलन गर्नका लागि रैथाने बालीहरूको ठूलोभूमिका देखिएकोले स्वस्थ उत्पादन, खाद्य तथा पोषण सुरक्षा, जिविकोपार्जन, बाली विविधिकरण र दिगो कृषिका लागि रैथाने बालीको थप संरक्षण र प्रवर्द्धन गरौँ।

**कृषि ज्ञान केन्द्र, सिन्धुली**

# फिल्म प्रचार महोत्सवमा सौगात




माघ २६ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म हो 'हात्तीछाप' । फिल्म युनिटले अहिले प्रचार प्रसारणमा छ । यस्तैमा अभिनेता सौगात मल्ल पश्चिम नेपालको विभिन्न जिल्लामा पुगेर फिल्मको प्रचारप्रसार गरिरहेका छन् । फिल्मका प्रस्तुतकर्ता किरण नेपाली, कलाकार कमलमणि नेपालको साथमा सौगातले पश्चिमका विभिन्न जिल्लामा आयोजना भएको महोत्सवमा पुगेर फिल्मको प्रचार गरेका हुन्। सौगात मल्लले नेपालगञ्जमा आयोजित महोत्सव, कैलालीको लम्कीमा आयोजित महोत्सव र बर्दियाको गुलरियामा आयोजित महोत्सवमा पुगेका छन् । यी महोत्सवमा उपस्थित भएका मल्लले दर्शकलाई आफ्ना फिल्मका हिट संवादहरु सुनाएका थिए । अभिनेता सौगात मल्लले पनि दर्शकको उत्साहजनक साथ पाउँदा खुशी लागेको बताएका छन् । महोत्सवमा पुग्दा दर्शकले फिल्म र आफूप्रति देखाएको मायाले झनै उत्साह थपिएको सौगातको भनाई छ । यस्तै कलाकार कमलमणि नेपालले पनि दर्शकलाई पेट मिचिमिची हँसाएका थिए । सौगातलाई देख्दा दर्शकहरुमा उत्साह देखिएको थियो । दर्शकहरुले नायक मल्लसँग माघ २६ गतेबाट रिलिजमा आउन लागेको फिल्म 'हात्तीछाप' हेर्नका लागि आफूहरु उत्साहित भएको बताएका थिए । 'दर्शकहरुमा फिल्म प्रति उत्साह रहेको । यसले, हामीलाई निकै खुशी बनाएको छ' निर्माता नेपालीले भने । 'हात्तीछाप' लाई सिमोस सुनुवारले निर्देशन गरेका हुन् । फिल्ममा दयाहाङ राई, सौगात मल्ल, उपासना सिंह ठकुरी, बेनिशा हमाल, कमलमणि नेपाल, विल्सन विक्रम राई, वुद्धि तामाङ लगायतका कलाकारको अभिनय छ ।

# 'जोगिन्दर' ले हँसाए नवलपरासीका दर्शक




हास्य कलाकार शिवशंकर रिलिज ' जोगिन्दर'ले नवलपरासीका दर्शक हँसाएका छन् । २६०७ औं तमु ल्होसारको अवसर पारेर आइतबार नवलपरासीमा आयोजित 'विविध सांस्कृतिक कार्यक्रम' मा उनले विभिन्न व्यङ्ग्य प्रस्तुतिमार्फत दर्शक हँसाएका हुन् । कार्यक्रममा उनले राजनीतिदेखि विभिन्न समसामयिक विषयमा व्यङ्ग्य गरेका थिए। कार्यक्रम मा लोकगायक रामजी खाँण, भरत क्षेत्री, दीपु मगर गायिका सम्झना लामिछाने मगरले पनि आफ्ना चर्चित नयाँ तथा पुराना गीतहर गायर दर्शक नचाए। हजारौं दर्शकको सहभागिता रहेको कार्यक्रममा आयोजकले कलाकारलाई सम्मान समेत गरेको थियो। तमु, तमुस्यो ह्युला छोज घि इकाई समिति आयोजक रहेको कार्यक्रम नवलपरासीको बर्दघाट-१६ सितलबस्तीमा आयोजना गरिएको थियो । कार्यक्रममा सांसद विनोद चौधरीको पनि सहभागिता थियो । कार्यक्रममा सांसद चौधरीले तमु ल्होसार गुरुङ समुदायको मात्र नभएर सबै नेपालीको चाड भएको बताए। उनले सबै चाडपर्व मिलीजुली मनाउने परम्परा भएकोले सबैले खुसी साथ मनाउनु पर्ने धारणा राखे। नवलपरासी १ बाट प्रतिनिधिसभामा निर्वाचित सांसद चौधरीले आफू निर्वाचित भएर आएपछि उक्त क्षेत्रमा भएको काम र अब प्राथमिकतामा राखेको कामको बारेमा जानकारी दिए । कार्यक्रममा प्रदेश सांसद विश्वप्रेम पाठक, बर्दघाटका नगर प्रमुख तमुलाल श्रेष्ठ, स्थानीय समाजसेवी र कलाकार लगायतको उपस्थिति रहेको थियो ।

# 'घिन्ताङ' नयाँ वर्षमा प्रदर्शन हुने



फिल्म 'घिन्ताङ' आगामी नयाँ वर्षमा प्रदर्शन हुने भएको छ। फिल्म निर्देशक दीपक श्रेष्ठ हुन् । निर्देशक श्रेष्ठले फिल्म नेपाली नयाँ वर्षमा प्रदर्शनमा ल्याउन लागेको बताए । फिल्ममा केकी अधिकारी, गौरव पहाडी, नीर शाह, मदनकृष्ण श्रेष्ठ, रमेश अधिकारी, संगम भण्डारी, दीपाश्री निरौलालगायतको मुख्य भूमिका छ । राजु लामाको प्रस्तुति रहेको फिल्ममा दीपक शर्माको संगीत र संकल्प भुजेलको छायाँकन छ । दीपकले ९ वर्षपछि यसै फिल्म मार्फत निर्देशनमा कमब्याक गरेका हुन् । त्यसैले पनि उनी 'घिन्ताङ' आफ्नो महत्वाकांक्षी फिल्म भएको बताउँछन् ।





















सन्देश जनप्रियका लागि दिपा भण्डारीद्वारा प्रकाशित सम्पादित, प्रधान सम्पादक : कृष्ण गौतम, सम्पादकः प्रेम दाहाल, सम्वाददाताः पबन राउत, कार्यालय (सिन्धुली): विपी राजमार्ग, कमलामाई-६, (बर्दिवास): सिन्धुलीरोड, कानुनी सल्लाहकार: केशवप्रसाद गौतम ई-मेल: news.pradesh@gmail.com, बेभ: www.epradeshkhabar.com मुद्रण: लालिगुरांस अफसेट प्रेस, सिन्धुली